मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १७ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ मंसीर १७ गते मंगलवार (Tuesday, December 3. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

'साङ्लो' को गीतले दर्शक तान्दैः पृष्ठ ५






# पर्यटन: सम्भावना छ, प्रचार छैन

**झापा, मंसीर १६ ।** महाभारतकालीन इतिहास बोकेका झापामा दर्जनभन्दा बढी पर्यटकीय स्थलहरु रहेका छन् ।

तर, यतिका धेरै पर्यटकीय स्थलहरु भएपनि स्थानीय सरकार बेखवर छ । सरकारले सन २०२० लाई पर्यटन वर्ष घोषणा गर्दै २० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य लिएपनि अहिलेसम्म प्रदेश १ मा पर्यटन सम्वन्धी कार्यक्रमले प्राथमिकता पाएको छैन । संघीय सरकार र प्रादेशिक सरकारले पर्यटन सम्वन्धी ठोस् रुपमा कार्यक्रम बनाउन नसकेका कराण आफूहरु अन्यौलमा परेको झापाका सरकारी तथा गैर सरकारी संघसंस्थाका सरोकारवालाले बताउँदै आएका छन् ।

झापामा माहाभारतकालीन इतिहास जोडिएका पर्यटकीय स्थल प्रशस्त भएपनि यसको प्रचारप्रसार तथा विकास गर्न नसकेको जिल्ला समन्वय समिति झापाका प्रमुख सोम पोर्तेलले बताए । उनले भने - 'महाभारतकालीन इतिहासका प्रशस्त ठाउँहरु झापामा रहेका छन्, यसको माध्यमबाट धार्मिक पर्यटकहरु झापामा थुप्रै भित्र्याउन सकिन्छ तर, हामी झापालीले माल पाएर चाल पाएनौं ।'

संघीय सरकारले नीति तथा कार्यक्रम नबनाएका कारण जिल्लामा समेत पर्यटन प्रवर्द्धनका लागि हालसम्म समिति गठन गर्न नसकिएको भन्दै स्थानीयसँगको समन्वयमा केही दिनभित्रै समिति गठन गर्दै प्रर्यटन प्रवर्द्धनका लागि पहल थाल्ने उनको भनाइ छ ।

झापामा वार्षिक रुपमा कति पर्यटक आउँछन् र कति पर्यटकीय गन्तव्य छन् त्यसको समेत लेखाजोखा नरहेको भन्दै उनले भने -'झापामा भएका पर्यटकीय क्षेत्रको पहिचानका लागि स्थानीयतहसँग समन्वय गर्दै झापाका पर्यटकीय क्षेत्रको पहिचान झल्कने पुस्तिका प्रकाशन गर्छौं ।'

कुन स्थानीय तहमा कति पर्यटकीय स्थल छन् र ति पर्यटकीय स्थलमा कति पर्यटक आउँछन् र पर्यटकबाट कति आम्दानी हुन्छ भन्ने यकिन तथ्याङ्क नहुँदा समग्र झापामा पर्यटन क्षेत्रको विकासमा के हुँदैछ भन्न सक्ने अवस्था नरहेको पोर्तेलको भनाइ छ ।

प्रदेश सरकारले पर्यटन क्षेत्रमासमेत कर लगाएका कारण आगामी वर्षबाट भने कति पर्यटक भित्रिए र कुन क्षेत्रमा कति आम्दानी भयो भन्ने विषयको यकिन तथ्याङ्क आउने पोर्तेल बताउँछन् ।

पर्यटन प्रर्वद्धनका लागि एक साताभित्रमा जिल्ला समन्वय समिति अन्तरगत समिति निर्माण गरेर प्रचार-प्रसार तथा पर्यटकीय क्षेत्रको विकास र प्रर्वद्धनका क्षेत्रका कामलाई तीव्रता दिने प्रमुख पोर्तेलले बताए । उनले भने -' वाणिज्य संघ, होटल व्यवसायी, ट्राभल एजेन्सी, स्थानीय निकाय लगायत विभिन्न संघ संस्थासँग हातेमालो गर्दै पर्यटन प्रर्वद्धनका कार्यक्रम अगाडि बढाउँछौं ।'

पर्यटनमा प्रशस्त सम्भावना भएपनि प्रचारप्रसारमा स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले ध्यान नदिएको ग्रामीण पर्यटनका क्षेत्रमा काम गर्दै आएका अभियन्ता अर्जुन कार्कीले बताए । उनले पूर्वी नाकाबाट भारतीय पर्यटक प्रशस्त नेपाल भित्र्याउन सकिने भएपनि यस क्षेत्रको प्रचार प्रसार नहुँदा पर्यटकीय स्थलहरु ओझेलमा

(बाँकी अन्तिम पृष्ठमा)



## 'साना जहाजका कारण एयर ट्राफिक जाम'



**झापा, मंसीर १६ ।** संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले साना जहाजलाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल प्रवेश गर्न नदिने बताएका छन् ।

साना जहाजका कारण एयर ट्राफिक जाम भएको भन्दै पर्यटन मन्त्री भट्टराईले साना जहाजलाई त्रिभुवन विमानस्थलमा प्रवेशमा रोक लगाउने नीति ल्याउन लागेकको बताएका हुन् ।

सोमवार विराटनगर विमानस्थलको विकास र विस्तारका लागि आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री भट्टराईले अब साना जहाजको बेस प्रदेशका विमानस्थलमा हुन्छ भन्दै अगाडि भने -' साना जहाज

(बाँकी अन्तिम पृष्ठमा)

# धर्मगुरु कृष्णदासलाई चार दिन म्याद थप

**झापा, मंसीर १६ ।** बलात्कारको घटना बढिरहेका बेला पछिल्लो समय समाजमा नाम चलेका ब्यक्तिसमेत पक्राउ पर्न थालेका छन् ।

केही समय अघिमात्रै बलात्कारको आरोपमा निर्वतमान सभामुख कृष्णबहादुर महरा पक्राउ परे । उनी पूर्पक्षका लागि जेल चलान भएका छन् । उनी मात्र होइन पछिल्लो समय बराहक्षेत्र चतराधामका धर्मगुरु कृष्णदास गिरीलाई प्रहरीले बलात्कारको आरोपमा पक्राउ गरेको छ ।

बलात्कारको आरोपमा पक्राउ परेका बराहक्षेत्र चतरा धामका धर्मगुरु गिरीलाई जिल्ला अदालत सुनसरीले थप अनुसन्धान गर्नका लागि प्रहरीलाई चार दिनको म्याद दिएको छ । सोमबार विहान विराटनगरबाट प्रहरीले नियन्त्रणमा लिएर जिल्ला अदालत सुनसरीमा उपस्थित गराएको थियो । अनुसन्धानका लागि थप समय प्रहरीले मागेपछि जिल्ला न्यायाधीश धर्मराज पौडेलको इजलासले चार दिनको म्याद थप गरेको हो ।

जिल्ला अदालत सुनसरीले उनीमाथि अनुसन्धान गर्न

(बाँकी अन्तिम पृष्ठमा)

### १३ औं दक्षिण एशियाली खेलकुद

# कराते र तेक्वान्दोबाट मात्रै १५ स्वर्ण

**काठमाडौं, मंसीर १६।** नेपालले १३ औं दक्षिण एशियाली खेलकुद सागमा करातेमा र तेक्वान्दोमा सात सात वटा गरी कूल १५ स्वर्ण पदक जितेको छ ।

ट्रायथलनमा समेत ऐतिहासिक स्वर्ण पदक जितेको नेपालले स्वर्ण पदकको सङ्ख्या १५ पुऱ्याएको छ । नेपालले करातेमा सात, तेक्वान्दोमा सात र ट्रायथलनमा एक स्वर्ण जितेको हो । पछिल्लोपटक तेक्वान्दोमा नेपालका स्वस्तिमा तामाङ, नीशा दर्नाल र सञ्जिला तिमल्सिनाले स्वर्ण जितेका हुन् ।

त्यसअघि करातेमा अनु अधिकारी एवम् कुसुम खड्काले दुई र तेक्वान्दोमा आयशा शाक्य एवम् सन्जीवकुमार ओझाको जोडीले एउटा स्वर्ण पदक जितेको हो । शाक्य र करातेका मण्डेकाजी श्रेष्ठ दुई-दुई स्वर्ण जितेका छन् ।

अधिकारीले ५० केजी तौल समूहको फाइनलमा श्रीलङ्काली खेलाडीलाई ८-० ले पराजित गरेकी हुन् । खड्काले बाङ्लादेशी खेलाडीलाई हराएर ४५ केजी तौल समूहमा जितेकी हुन् । शाक्य र ओझाले भने २९ वर्षभन्दा माथिको जोडीको विधामा स्वर्ण जितेका हुन् ।

करातेका विप्लवलाल प्रधान र लक्ष्मण तामाङ, तेक्वान्दोकी शाक्य र पार्वती गुरुङले यसअघि सोमवार अपरान्ह स्वर्ण जितेका हुन् । प्रधानले पाकिस्तानी खेलाडीलाई ८४ केजीभन्दा माथि तौल समूहमा स्वर्ण पदक जितेका हुन् । शाक्य र गुरुङले एकल पुम्सेमा र तामाङले बाङ्लादेशका खेलाडीलाई हराएर ५५ केजी तौल समूहमा स्वर्ण जितेका हुन् ।

**तेक्वान्दोमा चार स्वर्ण**

तेक्वान्दोको एकल पुम्सेमा नेपालले चार स्वर्ण जितेको हो । महिला एकलमा आयशा शाक्यले २९ वर्षभन्दा माथिको विधामा, पार्वती गुरुङले २३ देखि २९ वर्षसम्मको विधामा र सीना मादेनले २३ वर्षमुनिको विधामा स्वर्ण जितेका छन् ।

त्यस्तै २३ देखि २९ वर्ष उमेर समूहको एकल पुम्से विधामा नेपालका कमल श्रेष्ठले स्वर्ण पदक जितेका हुन् । उनले भारतका राहुल जैनलाई हराएर स्वर्ण जितेका हुन् ।

**मण्डेकाजी श्रेष्ठको दुई स्वर्ण**

श्रेष्ठले स्वर्ण जितेपछि नेपालले करातेबाट पहिलो स्वर्ण पदक प्राप्त गरेको थियो । पुरुष एकल काताामा मण्डेकाजी श्रेष्ठले फाइनलमा सोमवार पाकिस्तानी खेलाडी नियमा तुल्लाहलाई पराजित गरेका हुन् । श्रेष्ठले २६.७२ अङ्क प्राप्त गरे भने

(बाँकी अन्तिम पृष्ठमा)

# उपनिर्वाचनको सबै नतिजा सार्वजनिक

**झापा, मंसीर १६।** प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य र स्थानीय तहको ५२ पदका लागि शनिबार भएको उपनिर्वाचनको सबै नतिजा सार्वजनिक भएको छ ।

निर्वाचन आयोगका अनुसार उपनिर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले ३० स्थानमा विजय हासिल गरेको छ । प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले १३ स्थानमा चुनाव जितेको छ । समाजवादी पार्टी नेपालले चार र राष्ट्रिय जनता पार्टी (राजपा) ले तीन स्थानमा विजयी हासिल गरेका छन् भने एक स्वतन्त्र उम्मेदवारले पनि उपनिर्वाचनमा बाजी मार्न सफल भएका छन् ।

नेकपाले एक प्रतिनिधिसभा सदस्य, एक प्रदेशसभा सदस्य, तीन गाउँपालिका अध्यक्ष, एक उपाध्यक्ष, २४ वडाध्यक्ष पद जितेको छ । नेपाली कांग्रेसले भने प्रदेशसभा सदस्य एक, उपमहानगर प्रमुख एक र ११ वडाध्यक्ष पदमा विजयी हासिल गरेको हो ।

समाजवादीका उम्मेद्वारले चार र राष्ट्रिय जनता पार्टीका उम्मेदवारले तीन वडाध्यक्ष पदको नतिजा आफ्नो पक्षमा पार्न सफल भए । नेकपाको सहयोगमा राष्ट्रिय जनमोर्चाले बागलुङमा प्रदेशसभा सदस्य एक पद जितेको छ भने एकजना स्वतन्त्र उम्मेदवार प्यूठानमा वडाध्यक्षमा विजयी भएका हुन् ।

प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको उपनिर्वाचनको मतपरिणाम सार्वजनिक भएसँगै विभिन्न कारणले रिक्त भएका ५२ पदमा अव नयाँ जनप्रतिनिधिको प्रवेश भएको छ । सिट सङ्ख्याका आधारमा उपनिर्वाचनको परिणामले राष्ट्रिय राजनीतिमा खासै असर नगरे पनि

(बाँकी अन्तिम पृष्ठमा)

## धरानमा 'कम्युनिष्ट किल्ला' भत्किनुको राजनीतिक सन्देश

**धरान, मंसीर १६।** धरान उपमहानगरपालिकाका मेयरमा विजयी प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका तीलक राई धरान-१८ बुद्धचोकका स्थायी बासिन्दा हुन् ।

विस. २०७४ मा भएको धरान उपमहानगरपालिकाको निर्वाचनमा तत्कालीन नेकपा एमालेका उम्मेद्वार तारा सुब्बासँग फराकिलो मत अन्तरले पराजित भएका तीलकले यो पटक चाहिँ ऐतिहासिक बाजी मारेका छन् । उनले सत्तारुढ नेपाल कम्युनिस्ट पार्टीका प्रकाश राईलाई फराकिलो मत अन्तरले पराजित गरेका छन् ।

(बाँकी अन्तिम पृष्ठमा)

## फरार प्रतिवादी पक्राउ

**मोरङ, मंसीर १६।** जिल्ला अदालत मोरङको २०७६ जेठ १३ गतेको फैसला अनुसार डाँका मुद्दामा ३० हजार रुपैयाँ जरिवाना र २ वर्ष ११ महिना ३ दिन कैद सजाय भइ हालसम्म फरार रहेका प्रतिवादी विराटनगर-१० बस्ने २४ वर्षीय शिवराज चौधरीलाई प्रहरीले पक्राउ गरेको छ ।

'फैसला कार्यान्वयन फरार प्रतिवादी पक्राउ अभियान' अन्तर्गत जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

पक्राउ परेका चौधरीलाई आवश्यक कारवाहीका लागि जिल्ला

(बाँकी अन्तिम पृष्ठमा)







# हाजिरीजवाफमा धुलावारी प्रथम



**विर्तामोड, मंसीर १६।** नेपाल विद्यार्थी संघ झापाले आयोजना गरेको स्थानीय तहस्तरीय हाजिरीजवाफ प्रतियोगितामा धुलाबारी मावि मेचीनगर प्रथम भएको छ ।

कनकाई एजुकेशन फाउण्डेशन विर्तामोडमा आयोजित प्रतियोगितामा ११ प्रतिष्पर्धीलाई उछिन्दै धुलाबारी माविले प्रथम स्थान ल्याई १९ हजार रुपैयाँ नगद, ट्रफी र मेडल हात पारेको हो । विजयी विद्यार्थीहरुको समूहलाई नेपाली कांग्रेस झापाका सभापति तथा कार्यक्रमका प्रमुख अतिथि उद्धव थापाले ट्रफी, नगद पुरस्कार र मेडल प्रदान गरेका थिए ।

देशको भविष्य विद्यार्थीको हातमा निर्भर रहने बताउँदै उनले अनुशासन, इमान्दारिता र अध्ययनमा अब्बल बन्न विद्यार्थीलाई आह्वान गरे ।

प्रतियोगितामा निहारिका मावि कमल, जनता मावि गौरादह र हिमाली मावि दमकको बराबरी स्कोर भएपछि पुनः तीन समूहबीच प्रतिष्पर्धा गराइएको थियो । तीन समूहबीचको प्रतिष्पर्धामा निहारिका मावि कमलले द्वितीय स्थान हात पार्दै १४ हजार रुपैयाँ, ट्रफी र मेडल हात पार्न सफल भयो ।

यसैगरी जनता मावि गौरादहले तृतीय स्थान हासिल गर्दै १० हजार रुपैयाँ र मेडल प्राप्त गरेको थियो भने हिमाली माविले सान्त्वनामा चित्त बुझाउनु परेको थियो ।

१२ वटा स्थानीय तहका १२ विद्यालयका कक्षा ८ देखि १२ सम्मका विद्यार्थी सहभागी प्रतियोगिताका सवै प्रतियोगीलाई प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रमका विशेष अतिथि नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले प्रमाणपत्र प्रदान गरेको ने.वि.संघ झापा उपाध्यक्ष भवानी काफ्लेले जानकारी दिए ।

नेवि संघ झापाका अध्यक्ष राजेन्द्र उप्रेतीको सभापतित्वमा सम्पन्न कार्यक्रमका बीच २०४७ सालमा कनकाई क्याम्पसमा नेविसंघ स्थापना गर्दा संस्थापक अध्यक्षको नेतृत्व लिने सन्तोष सिटौलालाई सम्मान पत्रद्वारा सम्मान गरिएको मिलन चापागाँईले जानकारी दिए ।

नेविसंघ पूर्व सहमहामन्त्री उमा शिवाकोटी, नेपाल प्रेस युनियन झापा अध्यक्ष इन्दू पूर्वेली, राजेन्द्र चौलागाँई, पोषराज कटुवाल, सन्तोष उप्रेती लगायत विद्यार्थी नेताहरुको उल्लेख्य उपस्थिति रहेको कार्यक्रमको सञ्चालन सञ्जय निरौला र गोकुल पौडेलले संयुक्त रुपमा गरेका थिए ।

# ट्राफिक प्रहरीले एक हजार घुसलिँदा...

**झापा, मंसीर १६ ।** ट्राफिक प्रहरीले विभिन्न बहानामा घुस लिने गरेको आरोप लागि रहेका बेला धनुषामा ट्राफिक प्रहरी सहायक निरीक्षक घुससहित पक्राउ परेका छन् ।

ट्राफिक प्रहरी सहायक निरीक्षक नवीनकुमार झालाई महेन्द्रनगरबाट अख्तियारको टोलीले एक हजार रुपैयाँ घुससहित पक्राउ गरेको हो । पक्राउ परेका झा इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा कार्यरत थिए ।

मापदण्ड विपरीत टिपर चलाएका एक चालकसँग एक हजार रुपैयाँ घुस लिएलगत्तै उनलाई पक्राउ गरिएको अख्तियारको कार्यालय बर्दिबासले जनाएको छ ।

पक्राउ परेका प्रहरी सहायक निरीक्षक झालाई आवश्यक कारवाहीका लागि बर्दिबास कार्यालय लगिएको छ ।

ट्राफिक प्रहरीले ट्राफिक नियम उल्लंघन गरेको भन्दै सवारी चालकसँग घुस लिने गरेको गुनासो बढ्न थालेको छ ।

# विवाहको बर्षगाँठमा विद्यार्थीलाई सहयोग



**झापा, मंसीर १६।** अग्रवाल दम्पतीले ३९ औं बिवाह बर्षगाठ अर्जुनधारा -९ को प्राथमिक बिद्यालयका बालबालिकाहरुलाई न्यानो कपडा, स्टेशनरी, खेलकुदका सामग्री र खाजा वितरण गरी मनाएका छन् । बिर्तामोड निवासी अग्रवाल दम्पती सुरेशकुमार रमायादेवीले विद्यालयमा विवाह वर्षगाँठ मनाएका हुन् ।

उनीहरुले आफ्नोसँगै छोराबुहारी नवीन र प्रियङ्काको पनि १२ औं वर्षगाँठ विद्यालयमै बालबालिकालाई सहयोग गर्दै मनाएका छन् ।

मारवाडी सेवा समिति झापाका अध्यक्षसमेत रहेका भद्रपुरेले आफूले कमाएको केही अंशबाट विद्यार्थीलाई सहयोग गर्न पाउँदा खुशी लागेको बताएका छन् । भविष्यको कर्णधार सम्झिएर उनीहरुको उज्ज्वल भविष्यका लागि आफ्नो विवाहको वर्षगाँठमा गरिने फजुल खर्चले शैक्षिक सामग्री किनेर विद्यार्थीलाई प्रदान गरेको बतए ।

कार्यक्रममा बालाजी मन्दिरका पूर्व अध्यक्ष वीरेन्द्र अग्रवाल, अग्रसेन भवनका पूर्वअध्यक्ष बाबुलाल बंशल जुनकिरी प्राबिका प्रअ रञ्जित परियार लगायतले सराहनीय कार्यको शुभकामना व्यक्त गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रप्रसाद रिजालको अध्यक्षता सञ्चालित कार्यक्रम प्रधानाध्यापक कल्पना दाहालले सञ्चालन गरेकी थिइन् ।

# भीमनगर क्वाटर फाइनलमा

**भद्रपुर, मंसीर १६।** भीमनगर फुटबल क्लब भद्रपुर ट्राइब्रेकरमा संर्घषपूर्ण जीत निकाल्दै झापा जिल्लास्तरीय नकआउट फुटबल प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

खिष्टमस २०१९ र नवबर्ष सन् २०२० को अवसरमा बिलिभर्स इष्टर्न चर्च भद्रपुरद्वारा आयोजित सोमबार भएको खेलमा राजगढ फुटबल क्लवलाई टाइब्रेकरमा ३ को विरुद्ध पाँच गोल गर्दै भीमनगर क्वाटरफाइनलमा प्रवेश गरेको हो ।

भद्रपुर माविको खेल मैदानमा सोमबार भएको दोस्रो दिनको खेलमा दुवै टिमले निर्धारित तोकिएको समयमा गोल गर्न नसकेपछि खेल टाइब्रेकरमा गयो । टाइब्रेकरमा भीमनगरका तर्फबाट विश्वास लिम्बू, सनम लिम्बू, राम मार्डी, अनिश भट्टराई, विवेक गुरुङले गोल गरेका थिए । राजगढका तर्फबाट विशाल दर्जी, दीपेश खतिवडा, गोकुल राजवंशी गोल गरेका थिए । अभिषेक गुरुङले पोष्टभन्दा बाहिर प्रहार गर्दा राजगढले हार बेहर्नु पर्‍यो । खेलको म्यान अफ द म्याच राजगढका श्याम मुर्मू घोषित भएका थिए ।

मंगलबार चन्द्रगढी फुटबल क्लब र सूर्यनगर फुटबल क्लब बीच हुने खेल संयोजक अनिल लिम्बूले जानकारी दिए । प्रतियोगितामा पाँच वटा चर्च र पाँच वटा क्लव गरी १० वटा टिमको सहभागिता हुने आयोजक समितिले जनाएको छ ।

# शनिश्चरे एफसी फाइनलमा

**अर्जुनधारा, मंसीर १६।** शनिश्चरे एफसी अर्जुनधारा यहाँ जारी झापा जिल्लास्तरीय फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

बिर्तामोड युनाइटेड एफसीमाथि शानदार जीत निकाल्दै शनिश्चरेले फाइनल यात्रा तय गरेको हो । स्थानीय दीपज्योति खेलमैदानमा सोमबार भएको पहिलो सेमिफाइनल खेलमा ६-१ गोल अन्तरले शनिश्चरेले बिर्तामोडलाई पाखा लगायो ।

खेलको ३ मिनेटमै शनिश्चरेका बादल तामाङले गोल गरेर अग्रता दिलाएका थिए तर बिर्तामोडका बिक्की चौधरीले खेलको ८औं मिनेटमा गोल गर्दै खेललाई बराबरीमा ल्याए पनि बाँकी समय पूरै दबाबमा खेल्न बाध्य बन्यो । बिर्तामोडमाथि गोलवर्षा गर्ने क्रममा शनिश्चरेका नानी लिम्बूले ह्याट्रिक पूरा गरे । उनले ३२औं, ४५औं र ५५औं मिनेटमा गोल गरेर ह्याट्रिक पूरा गरेका हुन् । खेलको ४०औं मिनेटमा रोमन भुजेलले गोल गरेका थिए भने सौरभ लिम्बूले खेलको ५२औं मिनेटमा गोल गर्दै फराकिलो नतिजा निकाल्न सफल भए ।

लज्जास्पद हारसँगै बिर्तामोड बाहिरिएको छ भने शनिश्चरेले कम्तिमा २० हजार रुपैयाँ सुरक्षित गरेको छ । खेलको म्यान अफ दी म्याच शनिश्चरेका नानी लिम्बू घोषित भए । अर्जुनधारा ६ नम्बर वडा परिषद सदस्य तुम्बानाथ काफ्ले र खेलप्रेमी प्रदीप जोशीले पुरस्कारस्वरुप नगद २ हजार प्रदान गरे ।

आज मंगलबार झापा एफसी राजगढ र मनास्लु एफसी कालिस्थानबीच अन्तिम सेमीफाइनल खेल हुनेछ ।

## फरार ...

अदालत मोरङ पेश गरिएको थियो । अदालतको आदेशले कैद भुक्तानका लागि उनलाई जिल्ला कारागार मोरङ पठाइएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## धर्मगुरू ...

चार दिनको म्याद थपेको सुनसरी प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक विनोद शर्माले जानकारी दिए । प्रहरीले कृष्णदासलाई एम्बुलेन्समै हालेर लगेको थियो । आइसीयूमै उपचारार्थ कृष्णदासलाई म्याद थप पछि फेरि अस्पताल नै लगिएको प्रहरीले जनाएको छ ।

अदालतको आदेश अनुसार उनलाई फेरि अस्पतालमै लगिएको सुनसरीका प्रहरी उपरीक्षक यज्ञविनोद पोखरेलले जानकारी दिए । विराट नर्सिङ होमकै को १ च ४०७३ नम्बरको एम्बुलेन्स मार्फत अदालतमा उपस्थित गराइएको उनलाई फेरि अस्पतालमै लगिएको हो ।

गत कात्तिक ४ गते आफूलाई बलात्कार गरेको एक महिलाको उजुरीपछि प्रहरीले उनीमाथि अनुसन्धान थालेको हो । यसैबीच भीआपीहरुले पछिल्लो समय अस्पताललाई नै हिरासत बनाउने गरेका छन् । बिरामीको बहाना बनाएर लामो समय अस्पतालमा नै बस्ने र प्रहरीले समेत सोही स्थानमा बयान लिने गरेका कारण भीआपीले अस्पताललाई हिरासत कक्ष बनाएको सरोकारवालाहरुको भनाइ छ ।

## पर्यटन ...

पर्ने गरेको बताए । उनले पर्यटकले ग्रामीण क्षेत्र तथा होमस्टेहरु मन पराउने भएपनि त्यस क्षेत्रमा समेत विकृत्ति फैलिएको प्रति चिन्ता व्यक्त गरेका छन् । उनले पर्यटकलाई आर्कषण गर्न व्यवहारमा समेत परिर्वतन ल्याउनु पर्ने धारणा राखे ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले सरकारले घोषणा गरेको पर्यटन वर्ष २०२०लाई सफल बनाउन निजी क्षेत्र सदैव तयार रहेपनि हालसम्म संघीय, प्रादेशिक र स्थानीय सरकारले चासो नदेखाएको धारणा राखे । उनले भने - हामी निजी क्षेत्रबाट पर्यटन प्रर्वद्धनका लागि तयार छौं तर सरकारी निकायबाट हामीलाई चासो दिइएको छैन । उनले निजी क्षेत्रको तर्फबाट जस्तोसुकै सहयोग गर्न आफूहरु तयार रहेको बताए ।

होटल व्यवसायी संघका अध्यक्ष भोला उप्रेतीले पर्यटन वर्ष सफल बनाउन होटल व्यवसायीले पर्यटकका लागि विशेष छुटको व्यवस्था गरिने बताएका छन् । उनले आन्तरिक तथा वाह्रय पर्यटकलाई पर्यटन वर्षभरि छुट गर्नुका साथै एक स्थानबाट अर्को स्थानका पर्यटकीय क्षेत्रको जानकारी गराउन होटल व्यवसायी तयार रहेको बताए ।

निजी क्षेत्रका सरोकारवालाले पर्यटन वर्षलाई सफल पार्न तयार रहेको बताए पनि सरकारी निकायका पदाधिकारीहरु भने पर्यटन प्रर्वद्धनमा कसरी अगाडि बढ्ने भन्ने विषयमा अलमलमा देखिएका छन् । पर्यटन कार्यालय काँकरभिट्टाका निमित्त प्रमुख कृष्ण सिग्देलले प्रदेश सरकारले पर्यटन सम्वन्धी ऐन नवनाएका कारण कसरी पर्यटकीय गतिविधि अगाडि बढाउने भन्नेमा आफूहरु अन्यौलमा रहेको विचार व्यक्त गरे । उनले झापामा पर्यटकीय स्थल तथा होमस्टेको अवस्था कस्तो छ भन्ने विषयमा समेत जानकारी दिन सकेनन् ।

त्यस्तै पर्यटन वोर्ड काँकरभिट्टाकी निमित्त प्रमुख सुस्मिता दाहालले पर्यटन प्रर्वधनमा आफूहरुले कुनै ठोस काम गर्न नसकेको स्वीकार गरेकी छिन् । नेपाल पर्यटन वोर्डको मुख्य काम भनेको नेपालका पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्ने हो । तर, पर्यटन वोर्डको कार्यालय काँकरभिट्टाले भने पूर्वी प्रदेशद्वाराबाट नेपाल प्रवेश गर्ने पर्यटकलाई जानकारी दिन सकिरहेको छैन ।

अध्यागमन कार्यालयका प्रमुख जनक कोइरालाले पर्यटन प्रर्वद्धनका विषयमा भन्दा पर्यटन कार्यालयले आउने र जाने पर्यटकको विवरण राख्ने र उनीहरुले गल्ती गरे कारवाही गर्ने बताएका छन् । उनले पर्यटन प्रवर्द्धननका विषयमा अध्यागमन कार्यालयले केही गर्न नसक्ने धारणा राखे ।

पर्यटन वर्ष शुरु हुन तीन साता मात्र बाँकी रहँदा समेत झापामा भने पर्यटकीय गतिविधिको चाहल पहल नहुँदा पर्यटन वर्ष ओझेलमा पर्ने चिन्ता बढ्दै गएको छ ।

पर्यटन प्रर्वद्धनमा टेवा पुऱ्याउने उद्देश्यले रिपोर्टर्स क्लवले आयोजना गरेको साक्षातकार कार्यक्रममा जिल्लाका पर्यटन क्षेत्रमा काम गर्दै आएका निजी तथा सरकारी निकायका प्रतिनिधिसँग छलफल भएको थियो । कार्यक्रमको सञ्चालन रिपोर्टर्स क्लवका प्रदेश प्रमुख शेखर सेढाईले गरेका थिए ।

## धरानमा ...

तीलकले नेकपाका प्रकाश राईलाई दुई हजार ७९५ मत अन्तरले पराजित गरेका हुन् । उनले २६ हजार ७०९ मत ल्याए भने प्रतिद्वन्द्वी प्रकाशले २३ हजार ९१४ मत पाए । कतिपयले तीलकको जितलाई धरानमा तीन दशकदेखिको कम्युनिस्टहरूको किल्ला तोडिएको रूपमा अर्थ्याई रहेका छन् । नवनिर्वाचित मेयर तीलकले धरानवासीले परिवर्तन चाहेको बताए । "मेरो जीत धरानवासी जनताको जीत हो, मैले यसलाई अवसरको रूपमा लिएको छु ।

झण्डै तीन दशकदेखि कम्युनिस्ट पार्टीका सदस्यहरूले एकलौटी नेतृत्व गर्दै आए पनि खानेपानी, सुकुम्वासी समस्या, विमानस्थल निर्माण जस्ता विषयमा जनप्रतिनिधिले ध्यान नदिएको धरानवासीले गुनासो गर्दै आएका थिए । नेकपाका एक सांसद जयकुमार राईले जनताका आकांक्षा पूरा गर्न नसक्दा पार्टीले हार बेहोर्नु परेको बताए । उनले भने-निर्वाचन भएको छोटो अवधिमा धेरै काम गर्न सकिएन । त्यसलै जनताले विकल्प खोजे।

धरानस्थित महेन्द्र बहुमुखी क्याम्पसका सह-प्राध्यापक अमृत श्रेष्ठ धरानको चुनावी परिणाम स्वाभाविक भएको बताउछँन् । चुनावका बेला गरेका प्रतिबद्धता पूरा नभएका कारण जनताले विकल्प खोजेको हुनसक्ने उनको ठम्याइ छ ।

विसं २०३६ सालमा भएको निर्वाचनमा तत्कालीन जनपक्षीय उम्मेद्वार बम देवानले जितेपछि धरानमा कम्युनिस्ट पार्टीको पकड बलियो बनेको थियो । धरानका पत्रकार केशव घिमिरेको विचारमा पछिल्लो स्थानीय तहको निर्वाचनपछि नगरमा बढेको विभिन्न करप्रतिको आक्रोश र जनप्रतिनिधिको कार्यशैलीप्रतिको असन्तुष्टि मतदानमा पोखेका हुन् । तत्कालीन एमाले र एकीकृत नेकपा माओवादीबीचको एकताको गाँठो स्थानीय तहसम्म राम्रोसँग नबाँधिएका कारण पनि नेकपाको पराजय भएको छ ।

वीवीसी

## साना ...

काठमाडौंमा राख्दा एयर ट्राफिक जाम भयो, हामी साना जहाजलाई काठमाडौं बाहिरबाट पहाडी क्षेत्रमा उडान गराउने नीति बनाउँदैछौं ।

साना जहाज काठमाडौं बाहिरबाट चल्ने प्रक्रियाको शुरुवातस्वरुप अहिले लुक्लाका लागि पहिलो उडान र अन्तिम अवतरण बाहेक सबै उडान मन्थलीबाट भइरहेको मन्त्री भट्टराईले जानकारी दिए । हामीले यसको अभ्यास समेत गरिसकेका छौं, बास बस्ने बाहेकको दैनिक ५०/६० उडान अहिले मन्थलीबाट लुक्लाका लागि हुन्छ, यसले एयर ट्राफिक घटाउनुको साथै मन्थलीको विकासमा सघाउ समेत पुऱ्याएको छ- उनले भने- अब सबै साना उडान यसरी नै गर्ने तयारी सरकारले गरिरहेको छ ।

विराटनगर विमानस्थललाई अबको पाँच वर्षभित्र क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल बनाउने विषयमा काम शुरु भएको मन्त्री भट्टराईको भनाइ छ । मन्त्री भट्टराईले चन्द्रगढी विमास्थलको विकासका विषयमा आज झापाका सरोकारवालासँग छलफल गर्ने भएका छन् ।

## उपनिर्वाचनको ...

जनप्रतिनिधि छनोटको आधारमा भने केही फेरबदल भएको छ ।

अघिल्लो निर्वाचन जस्तै धेरै क्षेत्रमा पुरानै दलका प्रतिनिधि चयन भए पनि कतिपय स्थानमा भने एक दलका उम्मेद्वारले अर्कोलाई विस्थापित गरेका छन् । प्रतिनिधिसभा कास्की क्षेत्र नं.-२ मा नेकपाले जीत दोहोऱ्याएको छ भने कांग्रेसले प्रदेशसभामा भक्तपुरबाट सिट सङ्ख्या बढाएको छ ।

बागलुङको प्रदेशसभा सदस्यमा नेकपा समर्थित राष्ट्रिय जनमोर्चाले जितेको छ भने स्थानीय तहतर्फ सुनसरीको धरान उपमहानगरपालिका प्रमुख जितेर कांग्रेसले प्रमुखको सङ्ख्या बढाएको छ । नेकपाले प्रतिनिधिसभा सहित दाङको प्रदेशसभा र उपनिर्वाचन भएका तीनवटै गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष जितेको छ । उपनिर्वाचनबाट सात महिला, सात मधेशी, १८ आदिवासी जनजाति र एक अल्पसङ्ख्यकको चयन भएको छ ।

## कराते ...

नियमा तुल्लाहले २४.९२ अङ्क प्राप्त गरेका थिए ।

उनले महसुस तामाङ र प्रवीन महर्जन सम्मिलित टीमबाट पनि स्वर्ण जिते । करातेमा महिला टीम कातामा नेपालले स्वर्ण जितेको हो ।

करातेको महिला टीम कातामा स्वर्ण जित्ने टोलीमा निर्मला तामाङ, सङ्गीता मगर र सरु कार्की रहेका छन् ।

जितपछि ३४ वर्षीय श्रेष्ठले भने- मेरो ठूलो सपना पूरा भएको छ । देशका लागि पहिलो स्वर्ण जित्न पाउँदा म खुशी छु - यो मेरो लक्ष्य हो । लामो समयदेखि म यसको प्रतीक्षामा थिएँ । तीनपटक राष्ट्रिय च्याम्पियन रहेका श्रेष्ठ नेपाल प्रहरीको टोलीबाट खेल्ने गर्छन् । महिलातर्फको एलिट स्प्रीन्ट प्रतिस्पर्धामा नेपालकी सोनी गुरुङले एक घण्टा १३ मिनेट ४५ सेकेण्डमा निर्धारित दुरी पूरा गर्दै स्वर्ण जितेकी हुन् ।

उनले भारतीय खेलाडीलाई १५ सेकेण्डले पछाडि पारिन् । त्यस्तै नेपालले करातेमा दुई र तेक्वान्दोमा एक स्वर्ण पदक जितेको छ ।

पोखरामा भएको ट्रायथलन प्रतिस्पर्धामा गुरुङले भारतका दुई खेलाडीलाई पछाडि पारेकी थिइन् । ट्रायथलनमा पौडी, साइकल दौड र दौड समावेश हुन्छ । पुरुष ट्रायथलनमा नेपालका बसन्त थारुले कास्य पदक जिते । भारतीय खेलाडी आदर्श सिनीवालले यसमा स्वर्ण जितेका छन् ।

वीवीसी


## जग्गा विक्रीमा

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

मो. ९८४२६५५९५०/९८०४९६९९९०

## खाली सटर भाडामा

बिर्तामोड नयाँ यातायात कार्यालय जाने बाटोमा (१२X१०)को ४ वटा सटर व्यापार तथा गोदामका लागि उपयुक्त कोठाहरु भाडामा उपलब्ध छ ।

०२३-५४६६५२, ९८०४९७८७१६

## घर बनाउनका लागि नयाँ प्रविधि

इटा, गिटी, बालुवा दोस्रो, तेस्रो, चौथो तथा पाँचौं तलासम्म लानका लागि मिनी क्रेन उपलब्ध छ । साथै मिक्सचर, जेनेरेटर, भाइब्रेटर, रड, काट्ने-बटार्ने कोरियन मेसिनहरु भाडामा उपलब्ध छ ।

सम्पर्कः ०२३-५४५७५३, ९८१७९५४२३८


## कर्मचारी तु-चाहियो

पञ्चकन्या हुँदै प्रोभिडेन्स कलेज, कृष्ण हल, मुक्तिचोक, महेन्द्र शोरुम पूर्व, कृषिथोक, शनिश्चरे लाइन तथा लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालिमुढा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्न कर्मचारी आवश्यकता भएकाले तु-सम्पर्क गर्नुहोला ।

मोटरसाइकल हुनुपर्नेछ । तलबः १०,०००+ बोनसले गाडी मेन्टेन गर्न सकिनेछ ।

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

## हार्दिक बधाई तथा शुभकामना



झापा जिल्ला भद्रपुर नगरपालिका वडा नम्बर -८ स्थित विदुर इङ्लिस बोडिङ हाइ स्कूलबाट २०५२ सालमा नर्सरी कक्षामा अक्षयराम्भ गरी २०६४ सालको एसएसली (प्रवेशिका) परीक्षामा ८६ प्रतिशत अंकसहित विशिष्ट श्रेणीमा उत्तीर्ण गरेकी मेधावी छात्रा **निलिशा पोखरेल** काठमाडौंको चेल्सी कलेजबाट 'ए' लेबल, भारतको नयाँ दिल्लीस्थित शारदा विश्व विद्यालयको नयडा कलेजबाट बायो टेक्नोलोजीमा इञ्जिनियरिङ स्नातक उत्तीर्ण भई अमेरिकाको उइन्सकन्सेन्र्स राज्यको मार्क्वेट विश्व विद्यालयबाट (Biological Sciences Specialization Enzymology and Biophysics) विषयमा विद्यावारिधि (पी.एच.डी) गरेको खबरले हामी विद्यालय परिवार अत्यन्तै हर्षित भएका छौं । सफलताको यस सुखद उपलक्ष्यमा छात्रा **निलिशा**, उनका बुबा दिवस पोखरेल र आमा सीता भट्टराई(पोखरेल) लाई हार्दिक बधाई तथा शुभकामना दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

मनिदेवी भट्टराईः प्रिन्सिपल

**विदुर इङ्लिस बोडिङ हाइ स्कूल परिवार,** भद्रपुर-८ (झापा

झापा जिल्ला सहकारी संघ लिमिटेड, भद्रपुर-८, झापाको

## कार्यालय सहायक द्वितीय पदका लागि प्रयोगात्मक परीक्षा लिइने बारेको सूचना

- मिति २०७६ मंसीर २१ गते शनिवार - समय : विहान १०:०० बजे
- स्थान : झापा जिल्ला सहकारी संघको सम्पर्क कार्यालय, बिर्तामोड
- प्रयोगात्मक परीक्षामा सोधिने बिषयहरु

*नेपाली टाईपिङ/अंग्रेजी टाईपिङ
*Word/Excel/Accounting Package
*Email/Enternet
*Document Download/Upload
*Balance Sheet/Trail Balance
*गोश्वरा भौचर सम्बन्धी

नोटः प्रयोगात्मक परीक्षामा सफल हुने उम्मेद्वारहरुलाई मात्र लिखित परीक्षामा सहभागी गराइनेछ । सर्ट लिस्टिङका आधारमा परीक्षा लिइने छ ।

सर्म्पक नं. ०२३-५४६६८५, ९८४४६०६८९२, ९८५२६७२९७९

email: jhapacoops_fed@yahoo.com

पदपूर्ति उप-समिति

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## एचआइभी एड्स र थ्री जिरो

**डिसेम्बर १ मा ३२औं विश्व एड्स दिवस सम्पन्न भएको छ । विश्व एड्स दिवसका दिन एचआईभी संक्रमणले गर्दा मृत्यु भएका सम्पूर्ण संक्रमितहरुको आत्माको चिर शान्तिका लागि दीप पनि प्रज्ज्वलन समेत गरिएको थियो । यस वर्षको नारा 'एचआइभीको नियन्त्रणमा समुदायको प्रभावकारी भूमिका' रहेको थियो । पहिलो पटक १९८१ मा अफ्रिकामा पहिलो पटक देखिएको एचआइभी एड्स संक्रमण देखिएको थियो । नेपालमा एचआइभीको पहिलो संक्रमण सन् १९८८ मा देखिएको थियो । सन् १९८८ देखि नै हरेक वर्ष डिसेम्बर एक तारिखका दिन एड्स दिवस मनाउने गरिन्छ । संक्रमणको दरलाई घटाउन र एड्सको महामारीलाई अन्त्य गर्ने दीगो विकास लक्ष्यको कार्यक्रमलाई सफल बनाउन समेत यो दिवस मनाउन थालिएको हो । अहिले पनि एड्स संक्रमितहरुको अवस्था निरीह र टिठलाग्दो छ । वास्तवमा यो दिवसका अहिलेसम्मका हरेक वर्षका फरक–फरक नारा कतिको सार्थक भएका छन् वा यो दिवसले के साच्चै यसको संक्रमण दरमा कमी ल्याएको छ यसतर्फ फर्केर हेर्न जरुरी छ ।**

**एचआइभीका कुरा गर्दा संसारभरि नै तिनवटा शून्य अर्थात् थ्री जिरोको अवधारणा अत्यन्त चर्चित छ । प्रथम शून्यले एचआइभी संक्रमितको मृत्युदर शून्यमा पु¥याउने, दोश्रो शून्यले नयाँ एचआइभी संक्रमण दर शून्यमा पु¥याउने तेश्रोले एचआइभी संक्रमितप्रतिको भेदभाव दर शून्यमा पु¥याउने कटिबद्धता जनाउँदछ । अहिले थ्री जिरोको अवधारणा कतिको सार्थकता पाएको छ छर्लङ छ । हुन त दिगो विकास लक्ष्य अन्तर्गत सन् २०३० सम्ममा एचआइभीको संक्रमण शून्यमा झार्ने कार्यक्रम रहेको छ। यसको नियन्त्रणमा सरकारी अनि गैरसरकारी संघ–संस्थाहरु पनि नलागेका भने होइनन् । देशभर यस्ता सरकारी तथा गैरसरकारी संघ–संस्था क्रियाशील छन् । उनीहरुको सहयोग मेहनतका कारणले नेपालीहरुमा एचआइभी प्रति ज्ञान र जनचेतनामा अभिवृद्धि भएको छ । वैदेशिक रोजगारीका क्रममा विदेश जाने कामदार र तिनका परिवारहरु, पुरुषसँग शारीरिक सम्पर्क गर्ने पुरुषहरु, सुइद्वारा नसा सेवन गर्ने व्यक्तिहरु तथा असुरक्षित यौनकर्म गर्ने महिला यौनकर्मी र तिनका सेवाग्राहीहरु नेपालमा एचआइभीको जोखिममा धेरै भएका समूहहरुमा मूख्यतः पर्ने गरेका छन् । यसलाई कसरी कम गर्ने त भन्ने विषयमा सबैको ध्यान जान जरुरी छ । संक्रमति हुनेमा अहिले पनि महिलाको तुलनामा पुरुष नै धेरै छन् । पुरुषहरु कामको शिलशिलमा विदेशिने भएकाले पनि यो समस्या आएको हो । सरकारले मुलुकका विभिन्न ठाउँमा केन्द्र बनाई एचआइभी परीक्षणको व्यवस्था गरेको छ भने पाँच दर्जनभन्दा बढी एआरटी साइट सञ्चालनमा ल्याएको छ । त्यस्तै आमाबाट बच्चामा एचआइभी सक्रमण सर्नबाट रोक्न विभिन्न ५५ जिल्लामा विशेष कार्यक्रम सञ्चालन गरेको छ । एचआइभी संक्रमितहरुलाई निःशुल्क रुपमा एआरभी भाइरस ओखती खान पाउने सुविधा धेरैजसो जिल्ला अस्पताल र अन्य स्वास्थ्य केन्द्रमा गरेको छ ।**

**हाम्रो समाजमा एचआइभी एड्स संक्रमितलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन जरुरी छ । भेदभावरहित समाजको सिर्जना हुन नसक्नु संक्रमण नियन्त्रणको मुख्य चुनौति मान्न सकिन्छ । एचआइभीलाई अहिले संसारभरिनै एउटा रोगभन्दा पनि संक्रमणका रुपमा हेरिन्छ । हरेक एचआइभी संक्रमितहरु एड्स लागेका होइनन् । एचआइभी र एड्स सम्बन्धी प्रभावकारी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाको लागि विश्वव्यापी ध्यानाकर्षण गर्दै बृहत रुपमा जनचेतना जगाउने र भावी कार्यक्रमको लागि बहुपक्षीय संलग्नता बढाउने अभिप्रायले विश्वभर एड्स दिवस मनाउन थालिए पनि यसबारेको शिक्षा अझै अपूरो झै छ । संक्रमितबाट रगत लिएमा संक्रमितले प्रयोग गरेको सुइजन्य छाला छेड्ने औजार प्रयोग गरेमा र संक्रमित आमाबाट जन्मने बच्चाहरुमा मात्र यसको संक्रमण सम्भावना रहने तथा असुरक्षित यौन सम्पर्कका कारण पनि यो सर्न सक्ने सम्भावना बढि हुन्छ । पहिलो एचआइभी संक्रमित भेटिएको तीन दशकमा नेपालमा एड्स रोगी संख्या २४ हजार पुगिसकेको छ । अझ भयावह कुरा, यी मध्ये करिब नौ हजारले मात्र नियमित रूपमा एचआइभीविरुद्ध औषधि सेवन गरिरहेका छन्, यो मुलुकका लागि ज्यादै खतरा रहेको स्वास्थ्य विज्ञहरुले चिन्ता व्यक्त गरेका छन् । सुरक्षित यौन जीवनका लागि हरेक स्वास्थ्यचौकी र ओखती पसलमा कण्डम पाइन्छ भने विस्तारै यौन, प्रजनन् स्वास्थ्य, अधिकार तथा यौनजन्य संक्रमणहरुमा खुल्लारुपमा कुरा हुन थालेको छ । स्कूलका पाठ्यक्रममा पनि यौनजन्य संक्रमण र एचआइभीका कुराहरु पढाइनाले आउँदा पुस्ताहरु यस्ता जोखिमपूर्ण क्रियाकलापविरुद्ध समयमै सचेत हुनसक्ने देखिन्छ ।**

# अन्तर्राष्ट्रिय अपाङ्ग दिवस र साझा प्रतिबद्धता

**विवेक खड्का**

आज अन्तर्राष्ट्रिय अपाङ्ग दिवस । आज झापा लगायत देशका विभिन्न स्थानमा कार्यक्रमको आयोजना गरी दिवस मनाइँदैछ । विगतदेखि सरकारले ३ डिसेम्बरमा अपाङ्गता भएका व्यक्तिहरुलाई सार्वजनिक विदा दिने घोषणा गरेको छ । त्यसैले पनि यो दिवसले अपाङ्गता भएकाहरुको क्षेत्रमा छुट्टै महत्व राख्ने गर्दछ । यो दिवस प्रत्येक वर्ष डिसेम्बर ३ मा मनाइने प्रचलन छ ।

नेपालको कूल जनसंख्याको १० प्रतिशतभन्दा बढी अपाङ्गता भएका व्यक्तिहरुले डिसेम्बर ३ लाई अपाङ्गगता भएका व्यक्तिहरुको एउटा पर्वको रुपमा लिने गर्छन् । प्रत्येक वर्ष मनाइँदै आएको यो दिवसमा उनीहरुले आफ्ना सामग्री प्रदर्शन गर्ने आफ्ना क्षमतालाई विभिन्न माध्यमद्वारा व्यक्त गर्ने लगायतका कार्यहरु गर्दछन् । शारीरिक सुस्त बहिरा र दृष्टिविहीन सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरु एउटै मञ्चमा भेला भएर आफ्ना साझा सवालहरुका बारेमा छलफल गर्छन् । सरोकारवाला संघ-संगठनलाई एउटै मञ्चबाट आफ्नो अवस्थाको चित्रण गर्दै अवसरको माग गर्दछन् । परम्परागत रुपमा गरिँदै आएको र्‍याली र सभाहरु सँगसँगै विगतका वर्षहरुभन्दा कसरी उपलब्धिमूलक बनाउने विषय महत्वपूर्ण हुन्छ ।

आजको दिन अपाङ्गता भएकाहरुको हकहितको सन्दर्भमा राज्यले के गर्ने गैर सरकारी संस्थाको भूमिका के हुने अपाङ्गता भएका व्यक्तिहरु आफैले के गर्ने लगायतका विषयहरुको खोजी गरिनुपर्छ । सरकार र संघ-संस्था दुबैमा संलग्न नभएकाहरु यी प्रश्नहरुको उत्तरमा यस दिनलाई पर्खिरहेका हुन्छन् । अपाङ्गता भएका व्यक्तिहरुका हकहितका लागि कुरा उठाइने इमान्दारीका साथ लाग्ने अपाङ्गता भएकाहरुलाई सहयोग गर्ने सद्भाव र सम्मान व्यक्त गर्ने जस्ता वाक्यहरु यस क्षेत्रमा निकै चलन चल्तीमा छन् ।

यी वाक्यहरु प्रत्येक अपाङ्ग दिवसहरुमा व्यक्त गरिन्छन् । तर, अन्तर्राष्ट्रिय अपाङ्ग दिवस त्यसैगरी मात्र सीमित रहनुभन्दा पृथक बनाउन उपयुक्त देखिन्छ । प्रत्येक वर्षको अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको अवसरमा राज्य संघ-संस्थाले दीर्घकालीन वा कम्तीमा पनि एक वर्षको कार्यक्रम तय गर्नुपर्छ अनि अर्को अपाङ्ग दिवसको अवसरमा त्यसको समीक्षा गरिनुपर्दछ । अपाङ्गको पक्षमा के भयो के भएन कसरी भयो कसरी हुनुपर्ने वा अझ व्यापक बनाउन भावी रणनीति कस्तो हुनुपर्ने यी विषयलाई गम्भीरतापूर्वक उठाइनुपर्दछ । अपाङ्गता भएका पक्षमा बनाइएका कानून र नियमलाई कार्यान्वयन गर्न धेरै कार्ययोजनाहरु आएका छन् । तर ती कार्ययोजनाहरु बनाउनेहरुसँग मात्रै सीमित रहे ।

विगतमा मनाइएका दिवसले अपाङ्गता भएकाहरुको पक्षमा सकारात्मक प्रभाव नपारेको अपाङ्गता भएकाहरुको गुनासो छ । अपाङ्गता भएकाहरुको अवस्था विद्यमान छ । प्रत्येक वर्षमा मनाइने दिवसको सन्दर्भ पारी कार्ययोजनाको एक वर्षमा एउटा बुँदा कार्यान्वयन गर्ने सरकारी प्रतिबद्धता आए पनि पाँच वर्षमा अपाङ्गता भएका व्यक्तिको जीवनमा आमूल परिवर्तन हुन्छ । त्यति लामो समयमा उनीहरुले चाहना गरे बमोजिम जीवन जीउन पाउँछन् । स्वास्थ्य, शिक्षा, खानेपानी रोजगारीमा अपाङ्ग भएकाहरुको पहुँच बढ्नेछ र अपाङ्गता भएका व्यक्तिहरुलाई समाजले आफ्नो सहयात्री बनाउनेछ । राज्यले पनि अपाङ्गता भएकाहरुबाट सम्मानित हुने अवसर पाउनेछ । परिवारले बोझको रुपमा होइन, एउटा गतिलो सदस्यको रुपमा स्वीकार गर्नेछन् ।

साथीभाइले आफ्नो यात्रामा सँगै सहयात्री बनाउनेछन् अनि अपाङ्गता भएकाहरुलाई कहिल्यै हिनताबोध हुने छैन । प्रत्येक वर्ष कार्ययोजनाको एउटा बुँदामा राज्यले गरेको प्रतिबद्धताले अपाङ्गता भएका व्यक्तिहरुको जीवनमा बहार आउनेछ । अपाङ्गता भएकाहरुका लागि बनेका ऐन तथा कानूनहरुको कार्यान्वयनको अवस्था अझै फितालो छ । सर्वप्रथम सन् १९८४ मा मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेपछि अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण सम्बन्धी अवधारणा विश्वव्यापीरुपमा अघि बढेको पाइन्छ ।

त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरुको अवस्था विश्वको ध्यानाकर्षण गर्नका लागि सर्वप्रथम लिभियाका प्रतिनिधिहरुले संयुक्त राष्ट्रसंघमा अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष मनाउनुपर्छ भनी प्रस्ताव गरेको र संयुक्त राष्ट्रसंघले सन् १९७६ मा उक्त प्रस्ताव पारित गरी सन् १९८१ लाई अन्तर्राष्ट्रिय अपाङ्ग वर्षको घोषणा गर्‍यो । त्यसपछि संयुक्त राष्ट्रसंघले १९८२ मा अपाङ्गता सम्बन्धी विश्व कार्ययोजना समेत पारित गर्‍यो । त्यही कार्ययोजनाले नै सबैभन्दा पहिले शिक्षा, स्वास्थ्य, तालिम, पुनःस्थापना समान सहभागिता र पहुँचको विषयलाई अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको रुपमा स्थापित गर्‍यो ।

अपाङ्गता भएकाहरुको अधिकारलाई अझ व्यापक र प्रभावकारी बनाउन १९८३ देखि सन् १९९२ सम्म अन्तर्राष्ट्रिय अपाङ्ग दशकका रुपमा घोषणा गरियो । यही क्रममा १९९३ मा संयुक्त राष्ट्रसंघले अपाङ्गता भएकाहरुका लागि अवसर समानीकरण सम्बन्धी प्रमाणिक नियमहरु पारित गर्‍यो । जसलाई अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय आन्दोलनको सफलताको रुपमा लिने गरिन्छ ।

अन्तर्राष्ट्रिय स्तरमा अपाङ्गता भएकाहरुको हितलाई ध्यानमा राखेर यस्ता महत्वपूर्ण सन्धि-सम्झौताहरु भएका छन् । यस्ता सन्धि र सम्झौताहरुमा नेपालको तर्फबाट पनि सहभागिता र प्रतिबद्धता जनाइएको छ । साथै अपाङ्गता भएकाहरुको अधिकार र समान सहभागितालाई पनि मान्यता दिइएको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ नियमावली २०५१ मा अपाङ्गता भएकाहरुको अधिकारको व्यवस्था गरिएको छ । अपाङ्गता भएकाहरुको अधिकार त्यतिमा मात्र सीमित नभएर यसलाई अझ व्यापक बनाइनुपर्छ । यस्ता व्यवस्थालाई राज्यले कार्यान्वयनमा ल्याउनुपर्छ ।

अपाङ्गहरुलाई निःशुल्क शिक्षा दिने सरकारी घोषणा २०३९ सालदेखि नै भएको हो । सर्वोच्च अदालतले यो नीतिलाई कार्यान्वयन गर्न आदेश समेत दिएको छ । निःशुल्क शिक्षा दिने नाममा विभिन्न बहानामा चर्को शुल्क उठाइन्छ । उता निजी क्षेत्रका शिक्षण संस्थाहरुमा पनि अपाङ्गता भएकाहरुको अवस्था सरकारी विद्यालयभन्दा फरक छैन । स्वास्थ्य सेवा लिनबाट अपाङ्गता भएकाहरु वञ्चित भएका छन् ।

सरल तरिकाबाट अपाङ्गता भएकाहरुले औषधि उपचार पाएका छैनन् । यसकारण अपाङ्गताको क्षेत्रमा परिवर्तन ल्याउन र यी विषयलाई कार्यान्वयन गर्न साझा प्रतिबद्धताको आवश्यकता देखिन्छ । देश निर्माणको काम कसैको एक्लो प्रयासले सफल हुन सक्दैन । यसमा सबै क्षेत्रको उत्तिकै दायित्व रहन्छ ।

हरेक नागरिकको आफ्नै भूमिका रहन्छ । त्यसकारण आफ्नो भूमिकाको पहिचान गर्न जरुरी छ । आज अपाङ्गताको क्षेत्र निकै जटिल बन्दै गएको छ । एकातिर स्वतः अपाङ्गता भएर जन्मने बच्चाहरुको संख्या र जन्मी सकेपछि गर्नुपर्ने कर्तव्यको बारेमा सोच्नुपर्दछ । सार्वजनिक स्थल अस्पताल भवन विद्यालय जस्ता भौतिक संरचना लगायत स्वास्थ्य शिक्षा खानेपानी रोजगारीमा अपाङ्गता भएकाहरुको पहुँचको विषयमा ध्यान केन्द्रित गर्नुपर्छ । बदलिएको राजनीतिक परिस्थितिमा यस वर्ष पनि अपाङ्गता भएकाहरुको सवालमा केही परिवर्तन भएको देखिँदैन ।

अपाङ्गता भएकाहरुका सवाल भने ओझेलमा परिरहेका छन् । अपाङ्गता भएकाहरुको सहभागिता र प्रतिनिधित्वलाई नजरअन्दाज गरिन्छ । के राजनीतिक दलहरुको कार्यसूचिमा उनीहरुको सहभागिताको सवाललाई समेटिएको छ ? यी मूल प्रश्न हुन् । विगतमा सात राजनीतिक दलको नेतृत्वमा भएको आन्दोलनलाई अपाङ्गता भएकाहरुले पूर्ण समर्थन गर्दै विभिन्न कठिनाई र बाधा अनि अवरोधका बाबजुद सडकमा आएका छन् ।

अपाङ्गता भएकाहरु कसैको दया र संरक्षणमा होइन समान अवसर सहभागिता र पूर्ण अधिकारसहित स्वतन्त्ररुपमा आत्मसम्मानका साथ बाँच्न चाहन्छन् । अपाङ्गता भएकाहरुलाई सेवा होइन, अधिकारको आवश्यकता छ । सरकारका हरेक अंगमा अपाङ्गता भएकाहरुको प्रतिनिधित्व र समावेशीकरणको अधिकार सुनिश्चित हुनुपर्छ । राजनीतिक दलहरुको नीति र कार्यक्रमहरुमा यो विषयलाई उच्च प्राथमिकताका साथ समावेश गरिनुपर्छ ।

अपाङ्गताको क्षेत्रमा आज ऐन नियमका कुराहरु प्रशस्त उठेका छन् । यस विषयमा कति ऐन र नियमले अपाङ्गता भएकालाई संरक्षण दिन सक्यो वा सकेनन् कति ऐन नियम प्रभावकारी बने र कार्यान्वयन भए यो महत्वपूर्ण पक्ष हो । यी विषयहरुको अब गम्भीरताका साथ समीक्षा गर्न जरुरी छ । हाम्रा हरेक कार्यक्रमहरुमा अपाङ्गता सम्बन्धी विषय पनि समावेश हुँदै गयो भने हाम्रा कार्यक्रम तथा कार्ययोजनाकर्ताले यी विषयमा सोच्न सकेमा मात्र स्वाभिमान र न्याय सबैका लागि हुनसक्छ । यसकारण अपाङ्गता भएकाहरुका लागि साझा प्रतिबद्धताको खाँचो अहिलेको मुख्य आवश्यकता हो ।



चिठीपत्र

## भारत दिदी ! अब तिम्रो अन्याय सहने छैनन्

*भारत दिदी नमस्ते !*

सबैले भन्छन् तिमी र म धेरै कुरामा उस्तै छौ रे । वास्तवमै हाम्रो रहन सहन, भेषभुषा, खानपान, कला, संस्कृति र धर्म सबै लगभग एउटै छन् । तिमी आकारमा, विकासमा र शक्तिमा म भन्दा धेरै ठूली र अगाडि छ्यौ, त्यसैले मैले तिमीलाई दिदी नै मानेकी छु । मेरा सन्ततिले तिमीलाई अभिभावक नै मानेका छन र धेरै आदर पनि गरेका छन् । यसरी छिमेकी भए तापनि हामी आफन्त भएर बसेको धेरै भइसक्यो । तिमीलाई परेका बेला मेरा सन्ततिले आफू होमिएर भए पनि तिमीलाई साथ दिएका छन्, तिम्रो सुरक्षा गरेका छन् ।

तिम्रो उतापट्टीको छिमेकीले तिम्रो सीमा मिच्न खोज्दा, तिमीमाथि बम आक्रमण गर्दा मेरा छोराहरूले आफ्नो छाती थापेर शरीर छिया-छिया बनाएर भए पनि तिमीमा आँच आउँन दिएका छैनन् । मेरा नशा (नदी) बाट बग्ने मेरो रगत समेत प्रयोग गर्न दिएर मैले तिमीलाई उर्वरा बनाएकी छु । एति हुँदाहुँदै पनि तिमीले साह्रै तुच्छ र कपट व्यवहार देखाइरहेकी छ्यौ । तिम्रा ती विषालु नङ्ग्राले मलाई बारम्बार घोचिरहन्छ्यौ । नाकाबन्दीको नाममा तिमीले रोपेको भालाको घाउ अझै ओबाएको छैन । कहिले सीमानामा सैनिक हस्तक्षेप गरेर मेरा छोराछोरी माथि दुर्व्यवहार गर्छ्यौ । कहिले सीमा स्तम्भ सारेर धृष्टता र निचताको सीमा पार गर्छ्यौ ।

हुँदा हुँदा मेरो आन्तरिक मामिलामा समेत हस्तक्षेप गरेर मेरा छोराछोरी बिचको सद्भावलाई समेत बिथोल्न थालेकी छ्यौ । अब त असह्य भइसक्यो । तिम्रो हेपाहा प्रवृत्तिले म आजित भइसकेँ । एक ठाउँ होइन दुई ठाउँ होइन चौँतीस ठाउँमा चिथोरेर तिमीले मलाई घाइते बनाएकी छ्यौ । अहिले आएर लिम्पियाधुरा नामको मेरो अंग नै काटेर आफ्नो नक्सामा जोड्ने जुन दुष्प्रयास गरेकी छ्यौ यसले धैर्यको सीमा पार गरेको छ । मेरा छोराछोरी तिमीदेखि रिसले आगो भएका छन् ।

*दिदी !*

तिम्रो र मेरो जीवनमा धेरै उतार चढावहरु आए । यसबीच हामीले धेरै राम्रा/नराम्रा कुराहरु देख्यौँ र भोग्यौँ पनि । बिर्स्यौ तिमीले ? जब तिमीलाई कब्जा गरेर अंग्रेजहरूले तिम्रो सर्वस्व लुटेका थिए र कैयौँ वर्षसम्म तिमीलाई दासी बनाएका थिए । त्यतिबेला उनीहरूको आँखा ममाथि पनि नपरेको होइन तर, गर्व छ मलाई मेरा छोराछोरी प्रति जसले ममाथि कुदृष्टि राख्नेहरूको शिर मुला काटे झैँ काटीदिए र वृद्धदेखि बालकसम्म सबै एक भएर कुकुर लखेटे झैँ दुश्मनलाई लखेटे । तिमीलाई थाहा छ त मेरा छोराछोरीको वीरता र साहस । अति भएपछि यी केहीदेखि डराउँदैनन् खुकुरीले नै काम तमाम गरिदिन्छन् । त्यसैले संसारमा मर्न नडराउने सिपाहीको रूपमा प्रसिद्ध छन् । त्यतिबेला मेरा छोराछोरीको मातृभक्ति र वीरता देखेर तिमी कति लोभिएकी थियौ ।

छक्क परेकी छु यी सबै कुरा थाहा हुँदाहुँदै पनि तिमीले मसँग दुर्व्यवहार गर्ने आँट कसरी गर्‍यौ ? मेरा सन्तानलाई आफ्नो सीमाको सुरक्षामा तैनाथ गरेर मेरो सीमा मिच्ने हिम्मत कसरी गर्‍यौ ? मैले मेरा सन्तानलाई सहनशीलता, शान्ति, प्रेम र सद्भावको संस्कार दिएकी छु । त्यसैले यी सानातिना कुरामा मतभेद राख्दैनन् र शान्त रहन्छन् । यी जन्मदै ऋषि स्वभावका छन् । त्यसैले त सद्भावका लागि तिम्रो सीमाना समेत रक्षा गरेर बसेका छन् । के सोचेकी छ्यौ ? तिम्रो हेपाई, दुर्व्यवहार र अत्याचार यिनले बुझेका छैनन् ? यिनलाई जे गरे पनि हुन्छ ? केही पदलोलुप र चाकडीबाज मेरा कु सन्तानदेखि बाहेक अरु सबैले तिम्रो धुर्त्याइँ बुझेका छन् र तिम्राविरूद्धमा गल्ली गल्ली, चोक र सडकमा जुलुस निकालेका छन् ।

याद राख ! जब स्वाभिमान र मातृभक्तिको कुरा आउँछ यिनीहरूको रगत उम्लिन्छ त्यसबेला तोप, गोला बन्दुक, बारूद केहीले यिनलाई रोक्न सक्दैन । तिमीमा अलिकति पनि विवेक छ भने आफ्नो पाइला पछि सार र दिदीबहिनीबीचको सद्भावलाई कायम राख । होइन भने मेरा स्वभिमानी छोराछोरीले तिम्रो आन्याय सहने छैनन् र यसको जवाफ अवश्य दिनेछन् । यसलाई मेरो चेतावनी नै सम्झ । मलाई पूर्ण विश्वास छ आज पनि मेरा सन्तानमा आफ्नी आमामाथि गिद्धे नजर राख्नेको आँखा फुटाइदिने र कुकर्म गर्न बढेका हात काटी दिने भरपुर क्षमता छ । बेलैमा होस् गर ।

*तिम्री बैनी नेपाल*

# के हो टु प्लस वान ?



**ओम आचार्य**

चीनका राष्ट्रपति सि चिनफिंग नेपाल भ्रमण आउनु हुँदा भारत हुँदै नेपाल प्रवेश गर्नुभएको थियो । नेपाल प्रवेश गर्नु पूर्व भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गरेर आउनुभएको थियो र त्यतिखेर भारत र चीनले 'टु प्लस वान'को अवधारणा ल्याएको छ यो शब्दले विशेषतः पाकिस्तान र नेपाललाई मनोवैज्ञानिक असर पार्ने देखिन्छ । अझ बढी प्रभाव र असर र त्यसको चोट नेपाल हुने देखिन्छ ।

भारतले भर्खरै प्रकाशित गरेको राजनीतिक नक्सामा नेपालका लिपुलेक लगायतका भू-भागहरु र काश्मिर समेत समेटेर प्रकाशित गरेको नक्सा आउनु र 'टु प्लस वान'को शब्द प्रयोग भएर आएको अवधारण ले नेपाल र पाकिस्तान दुबै यो अवधारणा प्रति सशंकित हुनु स्वभाविक हुन्छ । भारतले नक्सामा पारेको नेपालका भू-भागहरु नेपाल कै भएको सत्य र तथ्य बुझी-बुझी नक्सामा कुनै फेरबदल गरिएको छैन भन्दै आफ्नै भएको हठ प्रस्तुत गर्नुलाई अहिले यो 'टु प्लस वान'को अवधारणाले यस्तो अभिव्यक्ति आएको हुन सक्छ ।

'टु प्लस वान' भनेको के हो ? यसको अर्थ गणितमा भिन्नै होला ! तर, राजनीतिक अर्थ भिन्नै लिन सकिन्छ । भिन्नै यसकारणले लिन सकिन्छ कि दुई राष्ट्रका शीर्ष राजनीतिज्ञबाट आएको शब्दको अर्थ राजनीतिक रुपमै हेर्नु र खोज्नुपर्छ । नेपाल दुई ठूला छिमेकी राष्ट्र भारत र चीन हुन र नेपालको सन्दर्भमा यी दुई राष्ट्रको यो 'टु प्लस वान' नेपालको कुनै पनि अन्तर्राष्ट्रिय समस्या र त्यो समस्याबाट सृजित विवादमा दुबै राष्ट्र उदासीन हुन सक्छन् । उदासीन यस अर्थमा कि नेपालले भारतको विषयमा कुरा उठाउँदा चीन उदासीन र चीनको विषयमा कुरा उठाउँदा भारत उदासीन यो नै 'टु प्लस वान' को अवधारणा हुन सक्छ र यस्तै अवधारणा पाकिस्तान प्रति पनि हुन सक्छ । 'टु प्लस वान' भने कै राजनीतिक अर्थमा



'एक' हुनसक्छ र यो 'एक' नेपाल र पाकिस्तान प्रति यी दुई राष्ट्रको अवधारणा हुन सक्छ ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले समेत आफ्नो राजनीतिक टिप्पणीमा भारतले नेपाललाई पाकिस्तान जस्तै व्यवहार गर्‍यो पाकिस्तानकै कोटीमा राख्यो भन्नु पनि यही संकेत हो भने नेकपा अध्यक्ष प्रचण्डबाट पनि यो अवधारणा प्रति सन्देह गर्दै यसले त्रिपक्षीय, त्रिदेशीय साझेदारी सिद्धान्तलाई नकारेको कुरा राख्दै असन्तुष्टी प्रकट गरिसक्नु भएको हुँदा भविष्यमा यो अवधारणा नेपालका लागि शुभ संकेत भने पक्कै होइन ।

'टु प्लस वान'को अवधारणा यो शब्द विशेष गरेर नेपाल कै लागि प्रयोग गरी दुई राष्ट्रले लिएको साझा अवधारणा हो । जसले नेपालको त्रिदेशीय साझेदारी अवधारणालाई तुहाउने नै छ र नेपाललाई यी दुई राष्ट्रको अवधारणाले निरीह र दयनीय बनाउने प्रयत्न गर्नेछ । यसको समयमै नेपालले यो अवधारणालाई आफ्नो पुरानै मित्रतालाई कायम गर्दै कुटनीतिक हिसाबले निस्क्रिय र निश्चेत गर्नु त्रिदेशीय साझेदारी रणनीतिमा सफल मानिने छ ।

नेपालको सार्वभौमको सवालमा भोलि उठ्ने कुनै पनि मुद्दामा अब भारत र चीनको एउटै मत रहने संकेत नै 'टु प्लस वान'को अवधारणाले संकेत गरेको देखिन्छ । अब यो अवधारणाले भारत पनि चीन हो कि ? र, चीन पनि भारत हो कि ? यस्तो संसय नेपालले आफ्नो सार्वभौमको मुद्दामा यस्तो अनुहार भविष्यमा देख्न सक्दैन भन्न सकिँदैन । 'टु प्ल्स वान' भने कै केही निश्चित र कुनै राष्ट्रको विषयमा साझा अवधारणा बनाउँदै दुई राष्ट्र समाहित हुनु नै 'टु प्लस वान'को अवधारणा आउनु हो । र, यो नेपालले गम्भीर रुपमा लिनुपर्छ र भविष्यमा यसले कुनै संकट पैदा नगरोस् । बेलैमा सचेत रहनु दुई तिहाइ सरकारको कर्तव्य देखिन्छ ।

# झापामा सहकारीका साधारणसभा धमाधम

## स्वरोजगार भवानीमा पुनः बस्नेत



**बिर्तामोड, मंसीर १६।** स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था बिर्तामोड-५ झापाको अध्यक्षमा पुनः केशव बस्नेत चयन भएका छन् ।

संस्थाको १२औं बार्षिक साधारणसभा तथा पाँचौ अधिवेशनले बस्नेतको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्षमा कमला थापामगर, सचिवमा मनोज भट्टराई र कोषाध्यक्षमा कमला आचार्य उप्रेती रहेका छन् ।

त्यस्तै सदस्यहरुमा सरोज सिटौला, घनश्याम नेपाल, शुसिला विमली, ईश्वरा श्रेष्ठ, कुसुम खड्का अधिकारी, जागीरमान राई, भोला परियार रहेका छन् । त्यस्तै सोही साधारणसभाले विष्णुप्रसाद आचार्यको संयोजकत्वमा लेखा समिति चयन गरेको छ । समितिको सदस्यहरुमा देवीनारायण न्यौपाने र तुलसीप्रसाद भण्डारी रहेका छन् ।

संस्थाका अध्यक्ष केशव बस्नेतको अध्यक्षता तथा झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा अध्यक्ष बस्नेतले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

संस्थाको शेयरपुँजी २ करोड ८४ लाख २२ हजार निक्षेप संकलन ७ करोड ७७ लाख ९९ हजार ५ सय ७८ रुपैयाँ, बार्षिक कारोवार ५५ करोड, शेयर सदस्य ४ हजार २ सय २ जना, ऋण लगानी ११ करोड ९८ लाख १६ हजार २२ रुपैयाँ र नाफा २७ लाख ३७ हजार दुई सय ९७ रुपैयाँ ३३ पैसा रहेको प्रतिवेदनमा उल्लेख छ ।

संस्थाका सञ्चालक समिति सदस्य कमला थापा मगरले स्वागत गरेको कार्यक्रममा बिर्तामोड नगरपालिकाका सहकारी निरीक्षक डिल्ली दाहाल, धनुषकोटी कृषि सहकारीका अध्यक्ष गोपाल प्रसाई, एनएमसी डेरी सञ्चालक नारायण बस्नेत, संस्थाका काँकरभिट्टा सेवा केन्द्र प्रमुख सुरेन्द्र बुढाथोकीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा बालबचततर्फ प्रशिद्धि श्रेष्ठ, पारिवारिक बचततर्फ विन्दा मैनाली, आवाधिकतर्फ भावना राई, उत्कृष्ट ऋणितर्फ प्रमोद दियाली, निर्मला चाम्लिङ राई, जेष्ठ नागरिकतर्फ हरिबहादुर अधिकारी, गोमादेवी लुइँटेल, शिवलाल धमला र उत्कृष्ट कर्मचारीमा नारायण न्यौपाने र सुनिता ठटाललाई सम्मान गरिएको थियो ।

कार्यक्रममा संस्थापक अध्यक्ष सीता बस्नेत, पूर्वउपाध्यक्ष नन्दकुमार अधिकारी, सदस्य कुमार सिटौला, लेखा सदस्य पवित्रा पाठक, पूर्व सदस्य शान्ति चौहान, लेखा समिति सदस्य सीता कार्की कोइरालालगायतलाई सम्मान गरिएको थियो ।

सोही कार्यक्रममा संस्थालाई धितो दिने संस्थाका अध्यक्ष केशव बस्नेत, उपाध्यक्ष नन्दकुमार अधिकारी, सचिव मनोज भट्टराई, कोषाध्यक्ष कमला आचार्य उप्रेती, शेयर सदस्यहरु गिरिराज भट्टराई, ढाकेन्द्रप्रसाद चापाँई, नेत्रबहादुर चौहान, सुशीला भट्टराई, कर्मचारीहरु लीला भट्टराई, धनपति आचार्य, सीतादेवी चापागाँईलाई समेत सम्मान गरिएको थियो । विष्णुप्रसाद आचार्यले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन सचिव मनोज भट्टराई र कोषाध्यक्ष कमला आचार्य उप्रेतीले गरेका थिए ।

## बुद्धनगर कल्याणकारीको नेतृत्व चयन

**बिर्तामोड, मंसीर १६।** बिर्तामोड-५ स्थित बुद्धनगर कल्याणकारी बचत तथा ऋण सकहारी संस्थाको अध्यक्षमा युवराज प्रसाई चयन भएका छन् ।

संस्थाको नवौं बार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनले आगामी चार वर्षे कार्यकालका लागि प्रसाईंको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्षमा अग्निदेव लुइँटेल, सचिवमा देवीभक्त आचार्य, सहसचिवमा दुर्गाप्रसाद शिवाकोटी र कोषाध्यक्षमा खेमनाथ मिश्र चयन भएका छन् । त्यस्तै सदस्यहरुमा पारसमणि कडरिया, बलबहादुर श्रेष्ठ, पुण्यप्रसाद शिवाकोटी, होमादेवी कडरिया, देवी न्यौपाने र नेत्रप्रसाद बुढाथोकी चयन भएका छन् ।

सोही साधारण सभाले लेखा समितिको संयोजकमा ओदराज सापकोटा र सदस्यहरुमा भीमकुमारी विष्ट र अम्बरबहादुर कार्कीलाई चयन गरेको छ । संस्थाका अध्यक्ष युवराज प्रसाईको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्वागत लेखा समिति संयोजक ओदराज सापकोटाले गरेका थिए । कार्यक्रममा जिल्ला बचत सहकारी संघ झापाका सहसचिव उपेन्द्रप्रसाद ओली, झापा जिल्ला सहकारी संघकी सदस्य तुलसादेवी कुँवर, मिलनसार सहकारीका अध्यक्ष लक्ष्मीप्रसाद बास्कोटा, राष्ट्रिय सहकारी संघका राजेश थापा लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा ज्येष्ठ नागरिक प्रेमकुमार श्रेष्ठ, अभिचन्द्र पोखरेल, उत्कृष्ट ऋणिमा दिपकचन्द्र गौतम र उत्कृष्ट कर्मचारीमा सुनिता श्रेष्ठ, एसईईमा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यका छोराछोरीमध्ये कुशल न्यौपाने, सञ्जु पाठक र निश्चल आचार्य, बचतकर्ता विष्णुप्रसाद राजवंशी, देवीका श्रेष्ठ थापा र डम्बरकुमारी चुडाललाई पुरस्कृत गरिएको थियो । कार्यक्रममा अध्यक्ष प्रसाईले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाको शेयर पुँजी एक करोड १४ लाख ३८ हजार सात सय, निक्षेप संकलन छ करोड ४५ लाख ६४ हजार पाँच सय ४६ रुपैयाँ ५९ पैसा, ऋण लगानी तीन करोड २१ लाख २३ हजार नौ सय १७ रुपैयाँ ८१ पैसा रहेको प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा बोधराज सापकोटाले लेखा समितिको प्रतिवेदन र अग्निदेव लुइँटेलले ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सचिव देवीभक्त आचार्यले गरेका थिए ।

## सहनशीलको सभामा सम्मान

**अर्जुनधारा, मंसीर १६।** झापाको अर्जुनधारा-८स्थित सहनशील महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १०औं साधारण सभा सम्पन्न भएको छ ।

संस्था सञ्चालक समितिकी अध्यक्ष ज्ञानकुमारी थापाको अध्यक्षता र झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष सविता लिम्बूले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा संस्थाको वार्षिक प्रगति प्रतिवेदन व्यवस्थापक पम्फा विश्वकर्माले र लेखा समितिको प्रतिवेदन समितिकी संयोजक पुनम सुवेदीले प्रस्तुत गरेका थिए । प्रस्तुत प्रतिवेदन अनुसार कुल शेयर पुँजी ५० लाख ८१ हजार आठ सय रुपैयाँ रहेको संस्थाले गत आर्थिक वर्ष २०७५/०७६ मा तीन करोड तीन लाख २८ हजार ६१ रुपैयाँ बचत संकलन गरि दुई करोड ६० लाख ८५ हजार दुई सय ८४ रुपैयाँ फिर्ता गरेको छ ।

त्यसैगरी सोही आर्थिक वर्षमा तीन करोड १९ लाख ३६ हजार छ सय ६१ रुपैयाँ ऋण लगानी गरि दुई करोड ३२ लाख ८० हजार पाँच सय ३६ रुपैयाँ असुली गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यस्तै सभामा विभिन्न व्यक्तित्वहरुलाई सम्मान गरिएको थियो ।



यसरी सम्मानित हुनेहरुमा असल ऋणितर्फ इन्दिरा थापा पोर्तेल र पार्वती शर्मा, उत्कृष्ट बाल बचततर्फ मामुन्नी राजवंशी र रीना खड्का, उत्कृष्ट ऐच्छिक बचततर्फ रोशनी विश्वकर्मा र सकिना खान, उत्कृष्ट मासिक बचततर्फ कुसुम पोखरेल, उत्कृष्ट कर्मचारीतर्फ भुवन पोखरेल, शेयर सदस्यहरुका सन्तान मध्ये गत वर्षको एसईई परीक्षामा उत्कृष्ट ग्रेड प्राप्त गर्ने विद्यार्थी प्रजिता विश्वकर्मा र सामाजिक व्यक्तित्वतर्फ समितिकी सल्लाहकार मिश्राकुमारी राई रहेका छन् ।

कार्यक्रममा अर्जुनधारा-८ वडा समितिका अध्यक्ष गोपीचन्द्र गौतम, नगर सभा सदस्यद्वय खड्गमाया पौड्याली र सुशिला सुवेदी, झापा जिल्ला सहकारी संघका सदस्य टंक बराल, कालिका बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कर्णबहादुर तामाङ, लालीगुँरास महिला कृषि सहकारी संस्थाकी अध्यक्ष मेनुका पौड्याल, प्रज्वला अपाङ्ग तथा महिला बहुउद्देश्यीय सहकारी संस्थाका उपाध्यक्ष डिल्ली घोर्साईं, सल्लाहकार सदस्यहरु जगन्नाथ विश्वकर्मा, बद्रीप्रसाद ओली, भवानीप्रसाद गौतम लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन व्यवस्थापक पम्फा विश्वकर्माले गरेकी थिइन् ।

# लैङ्गिक हिंसाबिरुद्ध र्‍याली



□ दिपेन लावती

**शान्तिनगर, मंसीर १६।** झापाको बुद्धशान्ति गाउँपालिका-७ सुनमाईमा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत सचेतनामूलक र्‍याली निकालिएको छ ।

सुनमाई महिला विकास समितिको अगुवाई तथा ७ नम्वर वडा कार्यालयको आर्थिक सहयोगमा वडाभित्रका विभिन्न महिला समूहका महिलाहरुले ब्यानर, प्लेकार्डसहित र्‍याली निकालेका हुन् ।

घरेलु हिंसा अन्त्य गरौं, महिला माथि हुने हिंसा अन्त्य गरौं, बलात्कारीलाई कडाभन्दा कडा सजाय दिलाऔं, बालबालिका तथा चेलीबेटी बेचबिखन रोकौंसहितको प्लेकार्ड बोकी झापा र इलामको सीमा देउराली डाँडा हुँदै धारागोला, जोगीडाँडा परिक्रमा गरी ७ नम्वर वडा कार्यालय अगाडि कोणसभामा परिणत भएको थियो ।

उक्त र्‍यालीमा वडा नं. ७ का वडाध्यक्ष मात्रिकाप्रसाद पौड्याल लगायत एक सय जनाभन्दा बढी महिलाहरुको सहभागिता रहेको थियो । कोणसभामा बोल्दै बुद्धशान्ति गाउँपालिका महिला विकास शाखा प्रमुख मीना बिष्टले बालबालिकादेखि नै लैङ्गिक हिंसाविरुद्ध सचेतना फैलाउनुपर्नेमा जोड दिइन् ।

सुनमाई महिला विकास समितिकी अध्यक्ष हिमा गेलालको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य मात्रिकाप्रसाद निरौला, वडा महिला सञ्जालकी अध्यक्ष टीका अर्याल, सामुदायिक स्वास्थ्य इकाइकी अनमी कल्पना अधिकारी लगायतले लैंङ्गिक हिंसाविरुद्ध सचेतना कार्यक्रम गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रमको सञ्चालन सुनमाई महिला विकास समितिकी सचिव सावित्रा आचार्य(निरौला)ले गरेकी थिइन् । यस बर्षको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको नारा 'समानताको पुस्ता, बलात्कारविरुद्ध ऐक्यबद्धता' भन्ने तय गरिएको छ । हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विभिन्न कार्यक्रम गरी यो अभियान मनाउने गरिन्छ ।

विश्वमा सन् १९९१ देखि शुरु भएको यो अभियान नेपालमा २०५४ सालदेखि शुरु भएको हो ।


## घडेरी बिक्रीमा

झापाको झिलझिले बजार नजिक ३८ फुट मुख भएको १६ धुर आकर्षक घडेरी बिक्रीमा छ ।

सम्पर्क : ९८१८६९०७३६, ९८०६९५४३८०

## पसल तु-बिक्रीमा

बिर्तामोडस्थित मनमोहन हस्पिटल अगाडि सूर्योदय मार्केटमा अति चालू अवस्थाको गिफ्ट आइटमको पसल तु-बिक्रीमा छ ।

सम्पर्क : ९८१४९७६५५५

## स्कूल चाहियो

बिर्तामोड नपामा दर्ता भएको प्राथमिक विद्यालय मन्टेश्वरी कक्षा नर्सरीदेखि कक्षा ५ सम्म स्कल चाहियो ।

डा. रेश बस्नेत

फोनः ९८४१४५५५८०, ९८४१२६२८१९

## प्याकेजिङ्ग हेल्पर, मेशन, स्टिल पिक्चरलाई २१ दिनमा दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : BAKEMART L. L. C. | शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ | चलानी नं. ६०१४१४३९ | लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Packing Helper | ८० (पुरुष) | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Masson | ५० | 1300/- DHS | | | | |
| Labour helper | ५० | 884/-DHS | | | | |
| Steel fixture | ५० | 1300/-DHS | | | | |

२१ दिनमा उड्न सक्नेले मात्र सम्पर्क गर्नुहोला ।

फाइनल अन्तरवार्ता भोलि मंसीर १७ गते मंगलबार बिर्तामोडमा हुँदैछ ।

### सगुन ओभरसिज सर्भिसेज प्रा.लि.

श्रम इजाजत नं. ३९६/०६०/०६१

पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)

नोटः ४५ वर्ष उमेर भएकाहरुले पनि दुबईको लागि एप्लाई गर्न मिल्नेछ ।

## रूख बिक्री गर्ने बारेको सात दिने सूचना

श्री कृष्ण प्रणामी मन्दिर कनकाई-९ घैलाडुब्बाका नाममा दर्ता रहेको साविक चारपाने-५ हाल बिर्तामोड नपा-२ को कि.नं. ८९, ९०, ९१, ९२ भित्र रहेका पूर्व तर्फको टिकका रुमख न्यूनतम मूल्य रु. ७ लाखबाट बिक्रीका लागि यो सूचना प्रकाशित भएको मितिले खरिद गर्न इच्छुक व्यक्ति तथा फर्मले सम्पर्क गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**श्री कृष्ण प्रणामी मन्दिर**

कनकाई नपा-९, (फोनः ९८५२६७२४५२)

## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

### बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- बालबालिकाहरुलाई विद्यालय पुर्‍याऔं । शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं ।

## कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जामुनबाडी, झापा प्रदेश नं. १ नेपाल

### कर्मचारी आवश्यकता

यस कनकाई नगरपालिकामा रिक्त तपशिल पदहरुमा करारमा कर्मचारी आवश्यक परेको हुँदा इच्छुक नेपाली नागरिकहरुबाट १५ दिनभित्रमा दरखास्त आह्वान गरिन्छ ।

तपशिल

| नाम | पद | संख्या |
|---|---|---|
| कृषि विकास अधिकृत | अधिकृत छैठौं | १ (एक) |
| सिभिल इञ्जिलनियर | अधिकृत छैठौं | १ (एक) |

१. शैक्षिक योग्यता र अनुभवः
- नेपाली नागरिक
- सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा ३ वर्ष कार्यानुभव भएको ।
- इञ्जिनियरको हकमा नेपाल इञ्जिनियरिङ काउन्सिलमा दर्ता भएको ।

अन्य विस्कृत विवरण कार्यालयबाट वा वेवसाइट www.kankaimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

## सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

### झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

बिर्तामोड, झापा

सम्पर्क राजकुमार श्रेष्ठ

९८४२६३४६२७/९८०७०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

मोबाइल : ९८५२६४६००५

## युएईमा रोजगार

कम्पनी : AL BUDOOA GENERAL MAINTENANCE, UAE

पुर्व स्विकृति मिति २०७६।८।६ | चलानी नं. ६०१४६७२५ | LT No. 227599

| सि.नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 20 | काममा दक्ष | 1200 | 36000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Insulation Worker | 20 | | 1200 | 36000 | | | | | | | |
| 3 | Plaster Mason | 15 | | 1200 | 36000 | | | | | | | |
| 4 | Shuttering Carpenter | 20 | | 1200 | 36000 | | | | | | | |
| 5 | Tile Mason | 20 | | 1200 | 36000 | | | | | | | |
| 6 | Brick Mason | 10 | | 1000 | 30000 | | | | | | | |
| 7 | Welder Assistant | 5 | | 1000 | 30000 | | | | | | | |
| 8 | Finishing Carpenter | 20 | | 1200 | 36000 | | | | | | | |

लागत खर्च: १०,०००

अर्न्तवार्ता २०७६ मंशीर २० गते झापा बिर्तामोड-१ स्थित ट्रेनिङ सेन्टरमा हुनेछ ।

### नेपाल इन्टरनेशनल ओभरसिज प्रा. लि.

महाराजगञ्ज, चक्रपथ, काठमाडौं फोन 9801445553, 9801445552



झापाको बिर्तामोड-१० मा भएको एक कार्यक्रममा जातीय पहिचान झल्कने नृत्य प्रस्तुत गर्दै शेर्पा समुदायका बालबालिका। कार्यक्रममा किरात राई, लिम्बू र सन्थाल समुदायका बालबालिकाले आफ्नो जातीय भेषभुषामा झाँकी प्रस्तुत गरेका थिए। तस्वीर : रत्नबहादुर बस्नेत/पूर्वाञ्चल

# फाल्गुनन्दमा कुरुम्बाङ विजयी

**युद्धबहादुर बोहोरा**



अध्यक्ष: वीरबहादुर कुरुम्बाङ

**पाँचथर, मंसीर १६।** पाँचथरको फाल्गुनन्द गाउँपालिकामा नेपाल कम्युनिस्ट पार्टीका वीरबहादुर कुरुम्बाङ विजयी भएका छन्।

कुरुम्बाङले ५३६९ मत ल्याएर विजयी भएका हुन्। उनका निकटतम् प्रतिष्पर्धी नेपाली कांग्रेसका बृजहाङ्ग आङदेम्बेले ४२९२ मत प्राप्त गरेका थिए। आठ वटा राजनीतिक दलको प्रतिस्पर्धा भएको फाल्गुनन्दमा तेस्रो स्थानमा समाजवादी पार्टी आएको छ। समाजवादीकी बिमला आङ्देम्बेले ३२० मत प्राप्त गरेकी थिइन्।

त्यस्तै जीतेन चेम्जोङ (संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च) २४० मत, मोतीप्रसाद लिम्बू (राप्रपा संयुक्त) ७५ मत, ससुहाङ चेम्जोङ (राप्रपा) २८ मत, इच्छाबहादुर चेम्जोङ (राष्ट्रिय जनमुक्ती पार्टी) २८ र उदय सुनुवार (मंगोल नेशनल अर्गनाइजेसन) १२ मत प्राप्त गरेका छन।

गत शनिबार भएको मतदानमा १०,८२३ मत खसेकोमा १७९ मत बदर भएको थियो। फाल्गुनन्दमा २०७४ को स्थानीय निर्वाचनमा नेपाली कांग्रेसका अमरकुमर नेम्बाङले जीत हासिल गरेका थिए। उनको गत वर्ष हृदयघातका कारण निधन भएको थियो। उनको निधन भएपछि रिक्त रहेको उक्त स्थानमा अध्यक्ष पदका लागि निर्वाचन भएको हो।



# घाँटी किन दुख्छ ?

**डा. सुनिलचन्द्र झा**

हाम्रो समाजमा एकपटक घाँटी नदुखेका मानिस बिरलै होलान्। धुलो, धुँवा र फोहोरमैलाको प्रदुषणले महामारीको रुप लिन लागेको बेला त यसको प्रकोप झनै बढ्दो छ। सडकमा पदयात्री एवम् बाहन चालकहरुले धुलोबाट बच्न मकुन्डोधारी बन्न विभिन्न किसिमका मास्कहरु लगाउनुपर्ने बाध्यता बढ्दो प्रदुषण र त्यसको खराबीबाट बच्ने चेतावनीको सूचक मान्नुपर्छ। हुन त घाँटी दुख्नु, थुक निल्न गाह्रो हुनु, खाना निल्दा दुख्नु, घाँटीका ग्ल्यान्डहरु सुन्निनु, ज्वरो आउनु र पीडादायक खोकी लाग्नु एक साधारण रोग हो। तर, यसलाई राम्ररी विचार नपुऱ्याई हेलचेक्र्याईं गरेमा जिन्दगीभर पछुताउनुपर्ने गरी मुटु एवम् मृगौला जस्ता डरलाग्दा र खर्चिला रोग लाग्ने सम्भावना हुन्छ। त्यसैले घाँटीको दुखाइलाई समयमै निदान र उपचार गर्नुपर्छ।

घाँटी दुख्नुको कारण उमेर हेरी विभिन्न ब्याक्टेरिया, भाइरस र अन्य कारक तत्वहरुले हुन सक्छ। पाँच वर्ष मुनिका बालबालिकामा खासगरी भाइरस जस्तै इन्फ्लुएन्जा र विभिन्न किसिमका रइनो र एडेनो भाइरस (रुघाखोकी)का कारण घाँटी दुख्ने गर्छ। यो रोगमाथि थप जिवाणु (ब्याक्टेरिया) को आक्रमण नभएमा साधारण उपचार र निश्चित समय खासगरी एक हप्ताभित्र आफैं कम हुनेगर्छ। पाँच वर्षदेखि १५ वर्ष उमेरका बालबालिकामा घाँटी दुख्नाको कारणमा स्ट्रेप्टोकोक्काई, हर्पेन्जाइना, डिफ्थिरिया, माइकोप्लाज्मा, इन्फेक्सियम, मोनोन्युक्लियोसिस, (कोक्साकी भाइरस) र भिन्सेन्ट्स एन्जाइना (फ्युजोब्याक्टेरिम) छन्।

माथि उल्लेखित विभिन्न जिवाणुबाट हुने रोगहरुमा स्टेप्टोकोक्कल फायिन्जाइटिस र डिफ्थिरियाले धेरै बालबालिकाको ज्यानै लिने खतरा हुन्छ। खासगरी स्टेप्टोकोक्कल फायिन्जाइटिसको उपचार समयमै भएन भने रुमायुटिक फिभर (बाथ ज्वरो) अनि रुमायि्टक मुटुको रोग लाग्ने तथा मिर्गौलामा अतिक्रमण भई मृगौला नै काम नलाग्ने हुनसक्छ। त्यसैले यी रोगबारे विस्तृत छलफल गर्नु आवश्यक देखिन्छ। स्ट्रेप्टोकोक्कल फायिन्जाइटिस हुँदा अचानक घाँटी दुख्ने, थुक अथवा खाना निल्दा दुख्ने, ज्वरो आउने, खानामा रुची घट्ने र जाडो लागेर थरथर काँप्ने हुन्छ। घाँटीका ग्ल्यान्डहरु बढ्ने हुन्छ। यो सरुवा रोग हो र रोगीका थुकका छिटा र खानामा स्ट्रेप्टोकोक्कस मिसिँदा सर्ने गर्छ। घाँटीको भित्री भागमा एकदम रातो हुने, सुन्निने, टन्सिल बढेर पिप जमेका थोप्लाहरु देखिने हुन्छ।

हुन त यो रोग तीनदेखि पाँच दिनमा कम हुनेगर्छ तर यसका किटाणु र मुटु एवम् मृगौलाका केही खास प्रोटिनहरु एकै किसिमका हुनाले किटाणुहरुलाई मार्न शरीरमा उत्पन्न किटाणुविरुद्धका तत्व एन्टिबडीले शरीरको आफ्नै भागको पनि नाश गर्छ। तसर्थ, यस्तो क्रिया हुन नदिन यो रोगको प्राथमिक निदान र उपचार नितान्त आवश्यक छ। डिफ्थिरिया अचेल भ्याक्सिनको प्रयोगबाट निकै नै कम देखिन थालेको छ। यसमा बच्चाको घाँटी दुख्ने र घाँटीमा सेतो जाली जस्तो देखिने हुन्छ। डिफ्थिरिया लागेका बालकहरुलाई श्वास लिन पनि गाह्रो हुन्छ र यो रोग लागेको शंका लाग्नेबित्तिकै अस्पताल लगिहाल्नुपर्छ।

स्ट्रेप्टोकोक्कल फायिन्जाइटिस लागेका बिरामीको उपचार सजिलो छ। पेनिसिलिन इन्जेक्सन, पेनिसिलिन चक्की वा पेनिसिलिनबाट बनेका विभिन्न क्याप्सुलहरु दिएमा ठिक हुन्छ। पेनिसिलिनको एजर्ली भएकालाई इरिथ्रोमाइसिनले पनि ठीक गर्छ। यसका साथै तातो नुनपानीले कुल्ला गर्नु, तातो सुप एवम् अन्य झोल पदार्थ खान दिने गर्नाले आराम हुन्छ। यो रोग लागेका व्याक्तिको जुठो अरुलाई नख्वाउनाले सर्ने सम्भावना कम हुन्छ।

वयस्क र बृद्ध तथा उच्च रक्तचाप भएका व्यक्तिलाई घाँटी दुख्यो भने मुटुका धमनीको रोगको एक लक्षण, एन्जाइना पनि हुन सक्छ। यदि हिँड्डुल गर्दा घाँटी दुख्ने, रोक्किँदा कम हुने, घाँटी दुखाइको साथसाथै स्वाँ-स्वाँ आउने, ठण्डा पसिना आउने, मुटुको गति बढ्ने जस्ता लक्षण देखिएमा तुरुन्तै अनुभवी तथा विशेषज्ञ डाक्टरको सल्लाह लिनुपर्छ।

# उज्यालो नयाँबस्तीको सभा




**बिर्तामोड, मंसीर १६।** उज्यालो नयाँबस्ती टोल विकास संस्था बिर्तामोड-५ नयाँबस्तीको दोस्रो साधारण सभा सम्पन्न भएको छ।

संस्थाका अध्यक्ष गोपालप्रसाद बजगाईंको अध्यक्षता तथा प्रदेश सांसद जसमाया गजमेरको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष खड्ग थापाले स्वागत गरेका थिए।

कार्यक्रममा बिर्तामोड- ५ का वडाध्यक्ष ढाँचाराज कडरिया, टोलको ब्लक नं. ४ का संयोजक माधव चम्लागाईं लगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रममा टोलका ८० बर्षभन्दा बढीका ज्येष्ठ नागरिकलाई दोसल्ला, टोपी, माला लगायतले सम्मान गरिएको थियो।

अध्यक्ष बजगाईंले वार्षिक प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा संस्थाका सदस्य प्रेमचन्द्र लिम्बूले औचित्यमाथि प्रकाश पारेका थिए। कार्यक्रमको सञ्चालन संस्थाका सचिव नारायणप्रसाद पराजुलीले गरेको संस्थाकी सल्लाहकार सुष्मा भण्डारी पौडेलले जानकारी दिइन्।

# कण्डमको आयात बढ्यो



**झापा, मंसीर १६।** चालू आर्थिक वर्ष २०७६/०७७ को पहिलो चार महिनामा कण्डम आयात बढेको छ।

भन्सार विभागले सार्वजनिक गरेको चार महिनाको तथ्यांकमा नेपालले भारत तथा तेस्रो मुलुकबाट ६३ हजार छ सय २१ केजी कण्डम आयात गरेको छ। तर, गत आर्थिक वर्ष २०७५/०७६ को सोही अवधिका भने ४१ हजार पाँच सय २१ केजी कण्डम आयात भएको थियो।

नेपालबाट चालू आर्थिक वर्षको पहिलो चार महिनामा कण्डम आयातमा मात्रै सात करोड ८२ लाख ५४ हजार रुपैयाँ खर्च गरेको छ। तर, गत आवको सोही अवधिमा भने कण्डम आयातमा नेपालबाट तीन करोड ५९ लाख ४७ हजार रुपैयाँ खर्च गरेको थियो। चालू आर्थिक वर्षमा नेपालले सबैभन्दा बढी कण्डम भारतबाट आयात गरेको छ।

भारतबाट मात्रै ६१ हजार दुई सय आठ केजी कण्डम आयात भएको छ। त्यसैगरी, चीनबाट चार सय ५४ केजी, दक्षिण कोरियाबाट चार सय १८ केजी, मलेसियाबाट एक हजार पाँच सय ३८ केजी र अमेरिकाबाट दुई केजी कण्डम आयात गरेको छ।

२०७२/०७३ यताको आयात परिमाण भन्सार विभागमा अनुसार आर्थिक वर्ष २०७२/०७३ मा सबैभन्दा बढी २१ करोड ११ लाख तीन हजार रुपैयाँ बराबरको चार लाख ५७ हजार सात सय ७६ केजी कण्डम आयात भएको थियो।

त्यसैगरी, २०७३/०७४ मा ११ करोड ५६ लाख ९४ हजार रुपैयाँ बराबरको एक लाख ८३ हजार दुई सय ७७ केजी, २०७४/०७५ मा १९ करोड ९३ लाख ३९ हजार रुपैयाँ बराबरको तीन लाख सात हजार नौ सय ९८ केजी र २०७५/०७६ मा १३ करोड ५३ लाख रुपैयाँ बराबरको दुई लाख २२ हजार तीन सय छ केजी कण्डम आयात भएको थियो।

# सुपारी बरामद

**झापा, मंसीर १६।** झापाको मेचीनगर नगरपालिका-६ तुर्केनीबाट रु. १३ लाखभन्दा बढीको सुपारी बरामद भएको छ।

जिल्ला प्रहरी कार्यालय झापा तथा इलाका प्रहरी कार्यालय काँकरभिट्टाको प्रहरीले चार हजार छ सय २० केजी अन्दाजी रु. १३ लाख ८६ हजार बराबरको सुपारी बरामद गरेको हो।

अवैध रुपमा नेपालबाट भारततर्फ साइकलमा लोड गरी लैजान तयारी गरिएको सुपारी बरामद गरी आवश्यक कारवाहीका लागि मेची भन्सार कार्यालय बुझाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

# दुर्घटनामा दुईको मृत्यु

**पाँचथर, मंसीर १६।** पाँचथरको फिदिम नगरपालिका-१४ भालुखोपस्थित भित्री सडकखण्डमा ट्याक्टर दुर्घटना हुँदा ट्याक्टर चालक १८ बर्षीय अविनास राईको घटनास्थलमै मृत्यु भएको छ।

भालुखोपबाट लुङरुपातर्फ जाँदै गरेको मे १ त ५७८१ नम्बरको ट्याक्टर आफै अनियन्त्रित भई सडकबाट अन्दाजी २५ मिटर तल खसेर दुर्घटना हुँदा चालक राईको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ।

त्यसैगरी उदयपुर चौदण्डीगढी नगरपालिका वडा नम्बर ४ शनिबारेस्थित रामपुर फत्तेपुर सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकल चालक ३५ बर्षीय दिपेन राईको मृत्यु भएको प्रहरीले जनाएको छ।

# टीसीएलको 'बडा अफर'





**झापा, मंसीर १६।** यसपालीको महान चाडपर्वलाई लक्षित गरी विश्वको टप २ टिभी ब्राण्ड टीसीएलले 'बडा अफर थाइल्याण्डको सफर' नामक स्किमको लक्की-ड्र टीसीएलको आधिकारिक फेसबुक पेज मार्फत प्रत्यक्ष प्रशारण गरी टंगालस्थित सोरुममा सम्पन्न गरिएको छ।

गत भदौ १९ गतेदेखि कात्तिक ३० गतेसम्म लागू गरिएको यो योजनामा टीसीएल ब्राण्डको प्रत्येक उत्पादनहरु (एलइडी टिभी, चेष्ट फ्रिजर, एअर कन्डिस्नर, वाटर डिस्पेन्सर र वासिङ्ग मेसिन) को खरिदमा नगद छुटका साथ भाग्यशाली ग्राहक महानुभावहरुले लक्की-ड्र मार्फत थाइल्याण्ड भ्रमण राखिएको थियो।

फेसबुकबाट लाइभ गरिएको लक्की-ड्रमा वालिङ बजारकी सीता लामिछाने र देवचुलीकी सुमित्रा सापकोटा गरी दुई भाग्यशाली जोडीहरुले थाइल्याण्ड जाने अवसर प्राप्त गरेका छन्।

# 'साङ्लो'को गीतले दर्शक तान्दै



अहिले मेकरमा गीत-संगीत राम्रो बनाए फिल्मले हलमा दर्शक तान्छ भन्ने सोचाई छ। केही फिल्मको हकमा यो नदेखिएको होइन। 'नाईं नभन्नू ल', 'छक्का पञ्जा', 'कबड्डी', 'ए मेरो हजुर' सिरिजको इनिसियल व्यापारमा गीत-संगीतको ठूलो योगदान छ। तर, गीत राम्रो हुँदैमा फिल्म चल्ने कदापी होइन। त्यसका लागि फिल्म आफैंमा बलियो हुनुपर्छ। गीतले युट्युबमा करोडौं भ्यूज बटुलेर पनि फिल्म बक्सअफिसमा पत्तासाफ भएका उदाहरण यहाँ अनगिन्ती छन्।

तात्तातो उदाहरण हो, फिल्म 'घामड शेरे'। यो फिल्मको 'साली मन पऱ्यो...' बोलको गीतले इन्टरनेट रिलिजको छोटो समयमै करोड भ्यूज बटुल्यो। निर्माण टिम गीतको सफलताले फिल्मको व्यापारमा फाइदा हुनेमा विश्वस्त थियो। तर, युट्युबमा पटक-पटक गीत हेरेका दर्शक नै फिल्म हेर्न हलमा पुगेनन्। अन्ततः फिल्मले बक्सअफिसमा घुँडा टेक्यो। कन्टेन्टभन्दा गीतमा मेहनत गर्दा धेरै फिल्मले 'घामड शेरे' को जस्तै नियति भोग्नु परेको छ।

फिल्म 'छक्का पञ्जा' को 'पूर्व पश्चिम रेल' गीतपछि नेपाली फिल्ममा लोकशैलीको गीत राख्ने लहड नै चलेको छ। अहिले निर्माता र निर्देशकले कथाको माग नै नभए पनि फिल्ममा जबरजस्ती रुपमा लोक गीत घुसाउन थालेका छन्। फिल्मको महत्वपूर्ण सिनमा खर्च गर्न कञ्जुसाई गर्ने निर्माता गीत खिच्नका लागि लाखौं खर्च गर्न बैंक ब्यालेन्स रित्याउँछन्। जसले गर्दा गीतले युट्युबमा करोडौं भ्यूअर्स बटुले पनि फिल्मले हलबाट पोस्टरको समेत पैसा उठाउँदैन।

'एक्सन स्टार' विराज भट्टले पनि आफ्नो निर्देशनमा बनेको फिल्म 'साङ्लो' को 'चरीले काफल' बोलको गीत खिच्नका लागि मोटो रकम खर्चिएका छन्। उनले एक अन्तरवार्तामा यो गीत खिच्न २५ लाख लागेको बताएका छन्। गत बिहीबार सार्वजनिक भएको गीतले अहिलेसम्म युट्युबमा साढे आठ लाखभन्दा बढी भ्यूज बटुलिसकेको छ भने पाँच हजारभन्दा बढी कमेन्टमा अधिकांशले गीतको मुक्तकण्ठले प्रशंसा गरेका छन्। गीतलाई ४९ हजार लाइक्स मिलेको छ।

सफलताको मानक मानिने युट्युबको १७औं ट्रेन्डिङमा रहेको 'साङ्लो' को गीतमा अभिनेता विराजले पूर्व मिस नेपाल तथा यस फिल्मकी लिड अभिनेत्री निकिता चाण्डकसँग ठुम्का लगाएका छन्। गीतमा राजनराज शिवाकोटीको शब्द तथा संगीत छ भने उनलाई गायनमा मिलन नेवारले साथ दिएकी छन्। गीतमा कविराज गहतराजको कोरियोग्राफी छ। 'चरीले काफल' गीतको अडियो र भिडियोलाई उत्कृष्ट बनाउन निर्माण टिमले निकै मेहनत गरेको छ।

गीतले लोकप्रियता हासिल गर्दैगर्दा अब प्रश्न यो उठ्छ कि गीत जस्तै के फिल्मको कन्टेन्ट पनि बलियो छ ? वा, अरु मेकर झैं अभिनेता विराजले पनि कथामा भन्दा गीतमा बढी मेहनत गरेका छन् ? दशक अगाडिसम्म विराजको अनुहार पोस्टरमा राखेको भरमा निर्माता मालामाल हुन्थे। तर, अहिले नेपाली फिल्मको सिनारियो परिवर्तन भएको छ। अहिले फिल्म स्टारले होइन, कन्टेन्टले चल्छ। विराजले यो वास्तविकता त पक्कै आत्मसात् गरेका होलान्!

पूर्व मिस नेपाल निकिताको अभिनयमा डेब्यू र विराजको डेब्यू निर्देशित फिल्म भएका कारण 'साङ्लो' कस्तो होला भन्ने कौतुहलता दर्शकमा छ। माघ २४ गतेबाट देशव्यापी प्रदर्शनमा आउन लागेको फिल्ममा प्रकाश शाह, कामेश्वर चौरासिया, जयनन्द लामा, आर. पि. पन्त, लय संग्रौला, शिशिर भण्डारी लगायतका कलाकारहरुको पनि अभिनय छ। मानकृष्ण महर्जनले खिचेको फिल्मको कथा शिवम अधिकारीले लेखेका हुन्। फिल्ममा श्री श्रेष्ठको द्वन्द्व छ।

securiguard Middle East

UAE मा PSBD Guard हरुलाई रोजगार

कम्पनी: Securiguard Middle East Llc, Abu Dhabi

पूर्व स्वीकृत मिति: २०७६/०८/०१ चलानी नं.: ६०१८६८२६ L.T. No.: 227241

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्ताको काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Security Guard | 350 | 0 | [illegible] | 2000 | ६२,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो संग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ।
★ उमेर २२ बर्ष देखि 40 बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ।

Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 भन्दा माथि कमाउन सकिनेछ।

फाईनल अन्तरवार्ता कम्पनिको प्रतिनिधिद्वारा मंसिर १८ गते बिहान ७ बजेबाट विर्तामोडको होलेडी होटलमा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले ब्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले ब्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले ब्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले ब्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,७००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Lic No. 689/063/064

सन लाइट ह्युमन रिसोर्स प्रा.लि.

सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौं फोन ०१-४३८४८८

मोबाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813